# होमस्टे प्रोफाइल

२०८३

वीरेन्द्रनगर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश

# मन्तव्य



**मोहनमाया ढकाल**
नगर प्रमुख
वीरेन्द्रनगर नगरपालिका
सुर्खेत

कर्णाली प्रदेशको राजधानी तथा प्रवेशद्वारका रूपमा परिचित वीरेन्द्रनगर नगरपालिकाको **होमस्टे प्रोफाइल** यहाँहरु माझ प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षको अनुभूति गरेको छु । वीरेन्द्रनगर प्राकृतिक सौन्दर्य, ऐतिहासिक सम्पदा, धार्मिक आस्था, सांस्कृतिक विविधता र अतुलनीय आतिथ्य संस्कृतिले सम्पन्न नगर हो । "शैक्षिक, प्रशासनिक, पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर" भन्ने हाम्रो साझा संकल्पलाई साकार पार्ने अभियानअन्तर्गत पर्यटन क्षेत्रलाई नगर विकासको प्रमुख आधारका रूपमा अघि बढाइएको छ । कर्णाली प्रदेशको प्रवेशद्वार भएकाले यहाँ आउने प्रत्येक आन्तरिक तथा बाह्य पर्यटकलाई वीरेन्द्रनगरमा केही समय बस्ने, स्थानीय संस्कृति अनुभव गर्ने र यहाँका मौलिक परिकार तथा जीवनशैलीसँग परिचित गराउने हाम्रो लक्ष्य रहेको छ ।

होमस्टे केवल बसोबासको व्यवस्था मात्र होइन, यो स्थानीय संस्कृति, परम्परा, मौलिक खानपान, जीवनशैली र आत्मीय आतिथ्यसँग जोडिने एउटा सशक्त माध्यम हो । होमस्टेले ग्रामीण पर्यटनको विकास, स्थानीय उत्पादनको प्रवर्द्धन, रोजगारी सिर्जना, महिला तथा युवाको आर्थिक सशक्तीकरण र समुदायमा आधारित दिगो पर्यटनको विस्तारमा महत्वपूर्ण योगदान पुर्‍याउँछ । त्यसैले नगरपालिकाले होमस्टे विकासलाई पर्यटन प्रवर्द्धनसँगै स्थानीय आर्थिक समृद्धिको महत्वपूर्ण आधारका रूपमा लिएको छ ।

यस प्रोफाइलमा नगरभित्र सञ्चालनमा रहेका निजी, संयुक्त तथा सामुदायिक होमस्टेहरूको विस्तृत विवरण, समुदायको सांस्कृतिक विशेषता, स्थानीय खानाका परिकार, उपलब्ध सेवा-सुविधा, आवास क्षमता, पहुँच मार्ग, सम्पर्क विवरण, नक्सा तथा अन्य उपयोगी जानकारी समेटिएको छ । यसले पर्यटकलाई उपयुक्त होमस्टे छनोट गर्न सहज बनाउनुका साथै पर्यटन व्यवसायी, लगानीकर्ता, अनुसन्धानकर्ता तथा नीति निर्माणकर्ताका लागि समेत महत्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा काम गर्ने विश्वास लिएको छु ।

वीरेन्द्रनगरमा काँक्रेविहार, बुलबुले ताल, देउतीबज्यै मन्दिर, घण्टाघर, सहिद पार्क, लाटीकोइली शिव मन्दिर, बयलकाँडा गढी, गोठीकाँडा लगायतका अनेकौं प्राकृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाहरु रहेका छन् । यिनलाई स्थानीय संस्कृति, होमस्टे सेवा र ग्रामीण जीवनसँग जोडेर पर्यटनको नयाँ आयाम विकास गर्न सकिने पर्याप्त सम्भावना छ । यस दिशामा नगरपालिकाले आवश्यक पूर्वाधार विकास, प्रवर्द्धन, क्षमता अभिवृद्धि तथा गुणस्तरीय सेवा विस्तारका कार्यक्रमलाई निरन्तरता दिइरहेको छ ।

यस महत्वपूर्ण प्रकाशनका लागि योगदान पुर्‍याउनु हुने आर्थिक विकास समितिका संयोजक ऋषि गिरी, योजना तथा वातावरण शाखा प्रमुख, वरिष्ठ अधिकृ प्रकाश पौडेल लगायत समग्र जनप्रतिनिधि, कर्मचारी, स्थानीय समुदाय, विज्ञ तथा सम्पूर्ण सहयोगीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा पनि पर्यटनमैत्री, व्यवस्थित, सुरक्षित र दिगो होमस्टे प्रणाली निर्माणमा सबैको साथ, सहयोग र सक्रिय सहभागिता रहने विश्वास लिएको छु ।

अन्त्यमा, सम्पूर्ण आन्तरिक तथा बाह्य पर्यटक महानुभावलाई वीरेन्द्रनगरमा हार्दिक स्वागत गर्दै यहाँको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, मौलिक खानपान र आत्मीय आतिथ्यको अविस्मरणीय अनुभव लिन हार्दिक निमन्त्रणा व्यक्त गर्दछु ।

धन्यवाद !

## मन्तव्य



नीलकण्ठ खनाल
नगर उपप्रमुख
वीरेन्द्रनगर नगरपालिका
सुर्खेत

वीरेन्द्रनगर नगरपालिकाको होमस्टे प्रोफाइल प्रकाशन गर्न पाउँदा मलाई अत्यन्तै हर्ष र गौरवको अनुभूति भएको छ । कर्णाली प्रदेशको राजधानी रहेको हाम्रो नगर प्राकृतिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक विविधताले सम्पन्न छ । यहाँ विद्यमान यिनै मौलिक सम्पदाको संरक्षण गर्दै पर्यटन क्षेत्रको दिगो विकासमार्फत स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने हाम्रो साझा प्रतिवद्धता रहेको छ ।

पर्यटन केवल मनोरञ्जन वा भ्रमणको विषय मात्र होइन, यो स्थानीय संस्कृति, पहिचान, परम्परा, जीवनशैली र आर्थिक समृद्धिसँग प्रत्यक्ष रूपमा जोडिएको क्षेत्र हो । विशेषगरी होमस्टे पर्यटनले गाउँघरको मौलिक संस्कृति, स्थानीय खानाका परिकार, परम्परागत जीवनशैली, कला, संस्कार र आतिथ्यतालाई विश्वसामु चिनाउने महत्वपूर्ण माध्यमका रूपमा आफूलाई स्थापित गरिरहेको छ । यसले ग्रामीण समुदायमा रोजगारी सिर्जना गर्नुका साथै स्थानीय उत्पादनको बजारीकरण, महिला तथा युवाको उद्यमशीलता विकास र समुदायमा आयआर्जनका अवसर विस्तार गर्न उल्लेखनीय योगदान पुऱ्याउने विश्वास लिएको छु ।

आगामी दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितालगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गतिविधिका कारण नगरमा आगन्तुकहरूको संख्या बढ्ने अपेक्षा गरिएको छ । यस्तो अवस्थामा व्यवस्थित, गुणस्तरीय र समुदायमै आधारित आवास सेवाको विस्तार अपरिहार्य भएकाले होमस्टेहरूको विकास थप महत्वपूर्ण बनेको छ ।

यसै उद्देश्यलाई दृष्टिगत गरी तयार गरिएको यो होमस्टे प्रोफाइलले नगरभित्र सञ्चालनमा रहेका निजी तथा सामुदायिक होमस्टेहरूको वस्तुगत विवरण, उपलब्ध सेवा-सुविधा, क्षमता, पहुँच, सम्पर्क विवरण, स्थानीय संस्कृति, खानपान, पर्यटन सम्भावना तथा अन्य आवश्यक जानकारीलाई एकै स्थानमा समेटेको छ । यसले पर्यटकलाई उपयुक्त गन्तव्य छनोट गर्न सहज बनाउनुका साथै नगरपालिकालाई योजना निर्माण, अनुगमन, नियमन तथा होमस्टे व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन महत्वपूर्ण आधार प्रदान गर्ने विश्वास लिएको छु ।

वीरेन्द्रनगर आउने प्रत्येक पाहुनाले स्थानीय आतिथ्यता, रैथाने स्वाद, सांस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यको अविस्मरणीय अनुभव प्राप्त गर्न सकून् भन्ने हाम्रो चाहना हो । त्यसका लागि स्थानीय समुदाय, होमस्टे सञ्चालक, निजी क्षेत्र तथा सरोकारवाला सबै पक्षबीच सहकार्य र समन्वय अझ सुदृढ हुन आवश्यक छ । अन्त्यमा, यो प्रोफाइल तयार गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

## मन्तव्य



लक्ष्मीप्रसाद बास्कोटा
प्रमुख प्रशासकीय अधिकृत
वीरेन्द्रनगर नगरपालिका
सुर्खेत

वीरेन्द्रनगर नगरपालिकाको होमस्टे प्रोफाइल प्रकाशन गर्न पाउँदा अत्यन्त खुसीको अनुभूति भएको छ । प्राकृतिक सौन्दर्य, ऐतिहासिक सम्पदा, धार्मिक आस्था, सांस्कृतिक विविधता र आत्मीय आतिथ्य संस्कृतिले सम्पन्न हाम्रो नगर पर्यटन विकासका दृष्टिले अत्यन्त सम्भावनायुक्त गन्तव्य हो । "शैक्षिक, प्रशासनिक, पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर" भन्ने हाम्रो दीर्घकालीन लक्ष्यलाई साकार पार्न पर्यटन क्षेत्रलाई स्थानीय विकास र आर्थिक समृद्धिको महत्वपूर्ण आधारका रूपमा अघि बढाइएको छ ।

होमस्टे स्थानीय संस्कृति, परम्परा, जीवनशैली, मौलिक खानपान र समुदायको आत्मीयतासँग प्रत्यक्ष साक्षात्कार गराउने प्रभावकारी माध्यम हो । यसले ग्रामीण पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण, महिला तथा युवाको उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा समुदायमा आधारित दिगो पर्यटन विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास नगरपालिकाले लिएको छ ।

वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी मात्र नभई विभिन्न राष्ट्रियस्तरका खेलकुद प्रतियोगिता, सभा, सम्मेलन, तालिम, गोष्ठी तथा अन्य महत्वपूर्ण कार्यक्रमहरूको प्रमुख गन्तव्यका रूपमा निरन्तर स्थापित हुँदै गएको छ । यस्ता अवसरमा आगन्तुक, खेलाडी, प्रशिक्षक, प्रतिनिधि तथा अतिथिहरूका लागि व्यवस्थित, गुणस्तरीय र आत्मीय आवास व्यवस्थापन आवश्यक हुन्छ । यस सन्दर्भमा नगरभित्र सञ्चालित होमस्टेहरूले होटल सेवाको प्रभावकारी परिपूरकका रूपमा योगदान पुऱ्याउँदै स्थानीय संस्कृति र आतिथ्य अनुभव गराउने विशिष्ट अवसर प्रदान गर्नेछन् भन्ने विश्वास लिएको छु ।

यसै उद्देश्यलाई दृष्टिगत गरी तयार गरिएको यो होमस्टे प्रोफाइलमा नगरभित्र सञ्चालनमा रहेका निजी, सामूहिक तथा सामुदायिक होमस्टेहरूको विवरण, सेवा-सुविधा, आवास क्षमता, सम्पर्क विवरण, पहुँच, स्थानीय संस्कृति, खानपान तथा पर्यटन सम्भावनासम्बन्धी उपयोगी जानकारी समेटिएको छ । यसले पर्यटक तथा आगन्तुकलाई उपयुक्त होमस्टे छनोट गर्न सहज बनाउनुका साथै पर्यटन प्रवर्द्धन, योजना निर्माण, लगानी तथा होमस्टे व्यवस्थापनलाई थप व्यवस्थित बनाउन महत्वपूर्ण सन्दर्भ सामग्रीका रूपमा काम गर्ने अपेक्षा गरिएको छ ।

अन्त्यमा, यो प्रकाशनलाई सफल बनाउन योगदान पुऱ्याउनु हुने नगरपालिकाका आर्थिक विकास समितिका संयोजक ऋषि गिरी, योजना तथा वातावरण शाखा प्रमुख, वरिष्ठ अधिकृत प्रकाश पौडेल लगायत समग्र जनप्रतिनिधि, कर्मचारी, स्थानीय समुदाय, विज्ञ तथा सम्पूर्ण सहयोगीप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद !

# भूमिका

वीरेन्द्रनगर कर्णाली प्रदेशका जिल्लाहरूको प्रवेशद्वारका रूपमा स्थापित छ । जुन उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिणतर्फ ढल्किएको सानो उपयुक्त मौसम भएको सुन्दर उपत्यका हो । "शैक्षिक, प्रशासनिक, पर्यटकीय शहर, स्वच्छ, स्वस्थ, समुन्नत वीरेन्द्रनगर" साकार बनाउने दिशामा नगरपालिका जुटेको छ । कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर नगरपालिकालाई पर्यटन नगरीका रूपमा विकास गर्न सक्ने ठूलो सम्भावना रहेको छ । कर्णाली प्रदेशको प्रवेशद्वार समेत रहेकाले वीरेन्द्रनगरको पर्यटन प्रवर्द्धन गरी प्रदेशमा रहेका पर्यटन स्थलहरू अवलोकन गर्न आउने सबै पर्यटकहरूलाई वीरेन्द्रनगरमा आकर्षित गर्न सके नगरको व्यवसायिकता र आर्थिक क्षेत्र समेत सुधार गर्न सकिन्छ ।

यस नगरमा दशौं राष्ट्रिय खेलकुद समेत हुन लागेको सन्दर्भमा वीरेन्द्रनगरमा बाहिरबाट आउने आगन्तुक एवं पर्यटकहरूको आवास व्यवस्थापन नगरका व्यवसायिक होटलबाट मात्र कठिन हुने देखिएकाले राष्ट्रिय खेलकुदमा आउने आगन्तुक तथा पर्यटकका लागि सहजता प्रदान गर्दै स्थानीय पर्यापर्यटनमा टेवा पुऱ्याउन वीरेन्द्रनगर नगरपालिका भित्रका होमस्टे सेवा उपलब्ध गराउने घरधुरीहरूको प्रोफाइल तयार गरिएको हो । यसमा मुख्यत स्थानीय होमस्टेहरूको वस्तुगत सूचना तथा सेवाको जानकारीमूलक समावेश गरिएको छ । वीरेन्द्रनगर नगरपालिकाकाभित्र सञ्चालित विभिन्न निकायमा दर्ता भई सञ्चालनमा आएका निजी तथा सामुदायिक होमस्टेहरूको विवरण, होमस्टे रहेको समुदायको विशेषता (कला, संस्कृति, खाना परिकार सहितको) परिचय, होमस्टेमा प्राप्त हुने सुविधाहरू, होमस्टेमा पाहुना बसाल्न तथा खुवाउन सकिने क्षमता, पहुँच माध्यम, सडकको अवस्था र मंगलगढीबाट पहुँच नक्सा, सम्पर्क व्यक्ति र सम्पर्क माध्यम, होमस्टे बनाउन सकिने स्थानहरू पहिचान, होमस्टे स्थान खुलेको न्एक कोडसहित नगरपालिकाको नक्सा, स्थानीय परिवेशको फोटो आदि समावेश गरेर प्रोफाइल तयार गरिएको हो ।

होमस्टेहरूको प्रोफाइलले आगन्तुक पाहुनालाई सस्तो र सुलभ रैथाने परिकारमा पहुँचमात्र नभई नगरभित्रको ग्रामिण पर्यटन प्रर्वद्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । साथै नेपाल सरकारले लागू गरेको होमस्टे व्यवस्थापन कार्यविधि पालना नगरेका होमस्टेलाई मापदण्ड बमोजिम सञ्चालन गर्न नगरपालिकालाई आवश्यक नियमन, अनुगमन गर्न यो प्रोफाइलले मार्गनिर्देशन गरेको छ । होमस्टे क्षेत्रको विकास र विस्तारका लागि आवश्यक नीति तथा योजना र कार्यक्रम तय गर्न यो महत्वपूर्ण आधारका रूपमा यसलाई उपयोग गर्न सकिनेछ । अन्तमा, वीरेन्द्रनगरका होमस्टेहरू केवल पर्यटक बस्ने स्थान मात्र होइनन्, यहाँको संस्कृति, परम्परा, आतिथ्यता र सामुदायिक जीवनशैलीका जीवित संग्रहालय हुन् । यो प्रोफाइलले ती कथा, संघर्ष, सम्भावना र सफलताका आयामहरूलाई अभिलेखीकरण गरेको छ । यसले स्थानीय पर्यटन प्रवर्द्धन, सांस्कृतिक संरक्षण र समुदायको आर्थिक सशक्तीकरणमा थप योगदान पुऱ्याउने विश्वास लिइएको छ । वीरेन्द्रनगरका होमस्टेहरूको यात्रा अझ समृद्ध, व्यवस्थित र दिगो बनोस् भन्ने शुभेच्छासहित यो प्रोफाइल तयार गरिएको छ ।

# विषयसूची


| विषयवस्तु | पेज नं. |
|---|---|
| भाग-१ : वीरेन्द्रनगरको परिचय | १-३ |
| १.१ ऐतिहासिक, भौगोलिक तथा सामाजिक परिचय | |
| १.२ स्थानीय संस्कृति तथा जीवनशैली | |
| १.३ पर्यटन सम्भावना, यातायात पहुँच | |
| भाग २. होमस्टेको विकास र विस्तार | ३-४ |
| २.१ होमस्टेको परिचय | |
| २.२ नेपालमा होमस्टेको विकास एवं ऐतिहासिक पृष्ठभूमि | |
| २.३ होमस्टे सञ्चालनको उद्देश्य | |
| भाग ३. वीरेन्द्रनगरमा होमस्टे | ५-१७ |
| ३.१ वीरेन्द्रनगरमा होमस्टे सञ्चालन गर्ने प्रमुख समुदाय | |
| ३.२ वीरेन्द्रनगरमा सञ्चालित होमस्टे विवरण | |
| भाग ४. विश्लेषण तथा निष्कर्ष | १७-२० |
| ५.१ वीरेन्द्रनगरमा होमस्टे पर्यटनको अवस्था | |
| ५.२ होमस्टे : अवसर र सम्भावना | |
| ५.३ होमस्टेको समग्र विकासका लागि सुझाव | |
| ५.४ निष्कर्ष | |
| भाग-५ : सुझाव र सिफारिस | २० |
| ४.१. वीरेन्द्रनगरका होमस्टेले सुधार गर्नुपर्ने पक्षहरू | |
| ४.२ होमस्टेको विकासका लागि सुझाव तथा सिफारिस | |
| भाग ६ : परिशिष्ट | २० |
| भाग ७ : इन्फोग्राफमा होमस्टे र जीपीएस | २१-२५ |

# भाग–१ : वीरेन्द्रनगरको परिचय

## १.१ ऐतिहासिक, भौगोलिक तथा सामाजिक परिचय

सुर्खेत उपत्यकाभित्र पर्ने कटकुवा, गोठीकाँडा र जर्बुटा गाउँ पञ्चायत भित्र पर्ने केही भागलाई मिलाएर विसं २०३३ सालमा वीरेन्द्रनगर नगरपञ्चायत स्थापना भएको हो । त्यसयता विभिन्न समयमा नगर क्षेत्रलाई विस्तार गर्दै पछिल्लोपटक संघीय नेपालको नयाँ सरंचनामा नगरपालिकालाई १६ वडामा विभाजन गरिएको छ । संघीय राजधानी काठमाण्डौंदेखि करिब ६०० किमि उत्तर पश्चिम र समुन्द्री सतहबाट करिब ६६५ मिटरमा अवस्थित यस नगरपालिकाको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानांङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिणतर्फ ढल्किएको सुन्दर उपत्यका हो । कूल क्षेत्रफल २४५.८५ वर्ग कि.मी. रहेको नगरपालिकाको पूर्वमा लेकबेसी नगरपालिका, पश्चिममा बराहताल गाउँपालिका, उत्तरमा दैलेख जिल्लाको गुराँस गाउँपालिका र दक्षिणमा भेरी नदी रहेका छन् । पछिल्लो तथ्यांक अनुसार वीरेन्द्रनगरमा हाल ३१ हजार ८४७ घरधुरी तथा ५ लाख ४ हजार ८८६ जनसंख्या रहेको छ । औलो उन्मूलनपछि सुर्खेतका दुर्गम पहाडी क्षेत्र, दैलेख, जाजरकोट जिल्ला तथा तत्कालिन कर्णाली अञ्चलका अन्य जिल्लाबाट बसाइँसराइ गरी आउनेहरूको बाहुल्यता बढ्दै गयो । ब्राह्मण, क्षेत्री, जनजाति, दलित, दशनामी/सन्यासी आदि यहाँका प्रमुख जातिहरु हुन् । विभिन्न स्थानबाट आएका बासिन्दाका कारण यहाँको चालचलन, रीतिरिवाज र संस्कृतिमा विविधता पाइन्छ । वि.सं. २०२२ मा विमानस्थल स्थापना भई नियमित उडान सुरू हुनु तथा विस २०३८ मा रत्न राजमार्ग निर्माण सम्पन्न भई सडक यातायात सञ्चालन भएपछि वीरेन्द्रनगर सहरीकरणतर्फ उन्मुख हुन पुग्यो । हाल यो नगरपालिका कर्णाली प्रदेशका जिल्लाहरूको प्रमुख प्रवेशद्वारका रूपमा स्थापित भएको छ । कर्णाली प्रदेशमा उपभोग हुने अधिकांश सामग्री यहींबाट आपूर्ति हुने भएकाले यो पश्चिम नेपालकै महत्वपूर्ण व्यापारिक, शैक्षिक तथा पर्यटकीय केन्द्रका रूपमा विकसित भएको छ । पहिले चौहानचौर र विसं २०२ ९ पछि वीरेन्द्रनगर नामले परिचित यो नगरपालिका नेपालका योजनाबद्ध शहरहरूमध्ये एक हो ।

स्वर्गीय राजा वीरेन्द्रले देशको सन्तुलित विकासका लागि चार विकास क्षेत्रमा विभाजन गर्दा वीरेन्द्रनगर सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम घोषणा गरिएको थियो, जुन पछि मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामका रूपमा विकसित रह्यो । वि.सं. २०२९ माघ १६ गते उच्चस्तरीय प्राविधिक टोलीद्वारा तयार पारिएको वीरेन्द्रनगर नगरयोजना अहिले पनि कार्यान्वयनमै छ । पेरिसजस्तो सुन्दर शहरको रूपमा विकास गर्ने लक्ष्यसहित तयार गरिएको गुरूयोजनालाई कार्यान्वयन गर्न विभिन्न क्षेत्रमा आवश्यक जग्गा अधिग्रहण गरिएको थियो । "शैक्षिक, प्रशासनिक, पर्यटकीय शहर– स्वच्छ, स्वस्थ र समुन्नत वीरेन्द्रनगर" भन्ने दीर्घकालीन परिकल्पनालाई मूर्तरूप दिन नगरपालिका निरन्तर प्रयासरत छ । वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानीका रूपमा रहेको महत्वपूर्ण नगर हो । नगरपालिकाले उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गर्दै पूर्वाधार विकास, सामाजिक समावेशिता र समग्र विकासका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ । आवश्यक पूर्वाधार, जनसंख्या र राजस्वका मापदण्ड पुरा गर्दै यस नगरपालिकालाई उपमहानगरपालिकामा स्तरोन्नति गर्ने प्रक्रिया ४९ औँ स्थापना दिवसको अवसरमा अघि बढाइएको छ । आज वीरेन्द्रनगर कर्णाली प्रदेशको राजधानी मात्र नभई पश्चिम नेपालकै उदाउँदो शहरका रूपमा विकसित भइरहेको छ । सडक सञ्जालको विस्तारले यसलाई लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशसँग प्रत्यक्ष रूपमा जोडेको छ ।

## १.२ स्थानीय संस्कृति तथा जीवनशैली

वीरेन्द्रनगर नगरपालिका प्राकृतिक तथा धार्मिक सम्पदासँगै सांस्कृतिक विविधताले पनि सम्पन्न क्षेत्र हो । कर्णाली प्रदेशको प्रवेशद्वारका रूपमा रहेको यो नगर विभिन्न जातजाति, भाषा, संस्कृति, परम्परा र जीवनशैलीको संगमस्थलका रूपमा परिचित छ । ऐतिहासिक रूपमा थारू समुदायको बसोबास रहेको सुर्खेत उपत्यकामा औलो उन्मूलनपछि कर्णालीका पहाडी जिल्लाहरु तथा देशका विभिन्न भागबाट बसाइँसराइ भई आएका समुदायहरूको बसोबास बढ्दै गएपछि यहाँ बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजको विकास भएको हो । यही सामाजिक तथा सांस्कृतिक विविधताले वीरेन्द्रनगरलाई कर्णाली प्रदेशकै सांस्कृतिक केन्द्रका रूपमा स्थापित गरेको छ । वीरेन्द्रनगरमा थारू, राजी, गुरूङ, मगर, नेवार, तामाङ, क्षेत्री, ब्राह्मण, दलित, हिमाली भोटे–खम्बा लगायत विभिन्न समुदायको बसोबास रहेको छ । प्रत्येक समुदायका आफ्नै मौलिक संस्कृति, भाषा, भेषभूषा, रीतिरिवाज, पर्व, कला तथा जीवनशैली छन् ।

यिनै विविध सांस्कृतिक विशेषताहरूले नगरको सामाजिक संरचनालाई समृद्ध बनाएका छन् । विभिन्न समुदायबीचको सहअस्तित्व, पारस्परिक सम्मान र सांस्कृतिक आदानप्रदानले वीरेन्द्रनगरलाई सामाजिक सद्भावको उत्कृष्ट उदाहरणका रूपमा चिनाएको छ । वीरेन्द्रनगरमा विभिन्न जातीय तथा धार्मिक समुदायका चाडपर्वहरु सामूहिक रूपमा मनाउने परम्परा रहेको छ । यहाँ दसैं, तिहार, तीज, माघे सङ्क्रान्ति, होली, बुद्धजयन्ती, उधौली–उभौली, ल्होसार, क्रिसमस, ईद लगायतका पर्वहरु विशेष उत्साहका साथ मनाइन्छन् । नगरका विभिन्न मठमन्दिर, गुम्बा, चर्च तथा मस्जिदहरूमा धार्मिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालन हुने गरेका छन् । यसले धार्मिक सहिष्णुता, सामाजिक एकता र सांस्कृतिक सद्भावलाई थप मजबुत बनाएको छ । वीरेन्द्रनगरको सांस्कृतिक पहिचानमा लोकसंगीत र लोकनृत्यको महत्वपूर्ण स्थान रहेको छ । यहाँ झ्याउरे, देउडा, मारूनी, सोरठी, नेवारी संस्कृतिका लाखेनाच लगायत प्रचलित छन् भने विभिन्न समुदायका आफ्नै सांस्कृतिक गीत तथा नृत्यहरु पनि जीवन्त रूपमा अभ्यास

हुँदै आएका छन् । सांस्कृतिक कार्यक्रमहरूमा मादल, दमाहा, झ्याली, बाँसुरी लगायतका परम्परागत वाद्यवादनको प्रयोग गरिन्छ, जसले स्थानीय सांस्कृतिक सम्पदालाई जोगाइराख्न महत्वपूर्ण भूमिका खेलेका छन् । विशेषगरी कर्णाली क्षेत्रको मौलिक सांगीतिक पहिचानका रूपमा रहेको देउडा संस्कृति वीरेन्द्रनगरमा पनि उत्तिकै लोकप्रिय छ । देउडा केवल गीत वा मनोरञ्जनको माध्यम मात्र नभई सामूहिक सांस्कृतिक अभिव्यक्ति, सामाजिक एकता र जनजीवनको प्रतिबिम्बका रूपमा स्थापित छ । देउडा गीतहरूमा प्रेम, संस्कृति, इतिहास, सामाजिक सम्बन्ध, जीवनसंघर्ष तथा स्थानीय जनजीवनका विविध पक्षहरु अभिव्यक्त हुने गर्दछन् । थारू समुदायको संस्कृति पनि वीरेन्द्रनगरको सांस्कृतिक सम्पदाको महत्वपूर्ण हिस्सा हो । थारू समुदायका परम्परागत रहनसहन, सांस्कृतिक मूल्य, खानपान, नृत्य, लोककला तथा सामाजिक संरचनाले यस क्षेत्रको मौलिक पहिचान निर्माण गरेका छन् । त्यसैगरी राजी समुदायको जीवनशैली, परम्परागत ज्ञान, प्रकृतिसँगको सम्बन्ध तथा सांस्कृतिक अभ्यासहरु पनि अध्ययन र अवलोकनका दृष्टिले महत्वपूर्ण मानिन्छन् ।

गुरूङ, मगर, नेवार तथा हिमाली भोटे-खम्बा समुदायका सांस्कृतिक अभ्यासहरूले समेत नगरको सांस्कृतिक विविधतालाई थप समृद्ध बनाएका छन् । वीरेन्द्रनगरको सामाजिक जीवनमा ग्रामीण र शहरी संस्कृतिको मिश्रित स्वरूप देख्न सकिन्छ । नगरको मुख्य बजार क्षेत्र र आसपासका बस्तीहरूमा आधुनिक शहरी जीवनशैली विकसित हुँदै गए पनि ग्रामीण क्षेत्रमा अझै परम्परागत संस्कृति, रहनसहन, कृषि प्रणाली, सामुदायिक सहकार्य तथा मौलिक संस्कारहरु जीवन्त छन् । गाउँघरमा सामूहिक श्रम, मेलापात, पारिवारिक तथा सामाजिक सहकार्यका अभ्यासहरु अझै पनि सामाजिक जीवनको महत्वपूर्ण हिस्सा बनेका छन् । यहाँको खाद्य संस्कृति पनि जातीय तथा भौगोलिक विविधतासँगै समृद्ध छ । स्थानीय परिकारहरूमा ढिँडो, गुँद्रुक, सिस्नो, फापरका परिकार, कोदोका परिकार, सेलरोटी, विभिन्न अचार, मासुजन्य परिकार तथा स्थानीय कृषि उत्पादनमा आधारित भोजन लोकप्रिय छन् । ग्रामीण क्षेत्रमा परम्परागत खाद्य परिकारहरूको प्रयोग अझै व्यापक रूपमा हुने गरेको छ भने शहरी क्षेत्रमा विभिन्न समुदायका खानाका परिकारहरु सहज रूपमा उपलब्ध छन् । यसले वीरेन्द्रनगरलाई स्थानीय स्वाद र खाद्य संस्कृतिको पनि महत्वपूर्ण केन्द्र बनाएको छ । कृषि, पशुपालन, साना व्यवसाय तथा सेवा क्षेत्र यहाँका प्रमुख जीविकोपार्जनका आधार हुन् । ग्रामीण क्षेत्रमा कृषि तथा पशुपालन अझै पनि मुख्य पेशाका रूपमा रहेका छन् भने शहरी क्षेत्रमा व्यापार, सेवा, शिक्षा तथा अन्य व्यवसायिक गतिविधिहरु विस्तार हुँदै गएका छन् । परम्परागत खेतीपाती, सामूहिक श्रम संस्कार, मेलापात तथा सामाजिक सहकार्यका अभ्यासहरु आज पनि ग्रामीण समुदायमा देख्न सकिन्छ, जसले यहाँको सामाजिक सम्बन्धलाई बलियो बनाइराखेका छन् ।

## १.३ पर्यटन सम्भावना, यातायात पहुँच

कर्णाली प्रदेशको प्रवेशद्वारका रूपमा परिचित वीरेन्द्रनगर नगरपालिका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न नगर हो । पूर्व-पश्चिम मदन भण्डारी राजमार्ग, रत्न राजमार्ग तथा कर्णाली राजमार्गसँग जोडिएको यो नगर कर्णाली भ्रमणको प्रमुख केन्द्रका रूपमा विकास हुँदै गएको छ । यहाँ रहेका धार्मिक तीर्थस्थल, ऐतिहासिक सम्पदा, प्राकृतिक सौन्दर्यले भरिएका डाँडाकाँडा तथा सांस्कृतिक विविधताले पर्यटन विकासको प्रचुर सम्भावना बोकेको छ । धार्मिक, प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संगमस्थलका रूपमा रहेको वीरेन्द्रनगर कर्णाली प्रदेशकै महत्वपूर्ण पर्यटन गन्तव्य बन्ने आधारहरु प्रशस्त छन् ।

वीरेन्द्रनगर-९ मा अवस्थित काँक्रेविहार कर्णाली प्रदेशकै महत्वपूर्ण ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थल हो । १२औँ शताब्दीमा निर्माण भएको शिखर शैलीको यो प्राचीन सम्पदा खस राज्यको इतिहाससँग जोडिएको छ । बुद्धका जीवनसँग सम्बन्धित आकृति तथा विभिन्न देवीदेवताका मूर्तिहरु यहाँ पाइन्छन् । घना वन क्षेत्रको बीचमा अवस्थित काँक्रेविहार धार्मिक आस्था, पुरातात्विक महत्व र प्राकृतिक सौन्दर्यको अनुपम संगमका रूपमा परिचित छ । वीरेन्द्रनगर-१० स्थित बुलबुले ताल क्षेत्रमा मोटरबोट, उद्यान, बाल उद्यान, मन्दिर तथा जमिनमुनिबाट बुलबुल गर्दै निस्कने पानीबाट निर्मित धाराहरु मुख्य आकर्षणका रूपमा रहेका छन् । बुलबुले तालको सौन्दर्यले यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको छ भने पछिल्ला वर्षहरूमा सञ्चालनमा आएको बोटिङले यसको आकर्षण अझ बढाएको छ । वि.सं. २०४५ मा चीन सरकारको सहयोगमा निर्माण भएको घण्टाघर वीरेन्द्रनगरको शहरी पहिचानका रूपमा स्थापित छ । यहाँ जडित घडीहरूले समय सूचित गर्ने यस संरचनाले नगरको ऐतिहासिक विकास यात्राको समेत प्रतिनिधित्व गर्दछ । त्यसैगरी वीरेन्द्रनगर-१० मा अवस्थित गंगामाला देउतीबज्यै मन्दिर सुर्खेतको प्रमुख धार्मिक गन्तव्य हो । यसको इतिहास राजी समुदायसँग जोडिएको छ । भाकल गरे मनोकामना पूरा हुने जनविश्वासका कारण यहाँ दैनिक तथा विशेष पर्वहरूमा श्रद्धालुहरूको ठूलो भीड लाग्ने गर्दछ ।

कर्णाली प्रदेश प्राप्तिका लागि भएका आन्दोलनका चार सहिदहरूको स्मृतिमा वीरेन्द्रनगर-४ मा सहिद पार्क निर्माण गरिएको छ । पार्कमा सहिद स्तम्भ, बगैँचा, पानीको फोहरा, वनस्पति उद्यान तथा विश्रामस्थलहरु रहेका छन् । वन क्षेत्रभित्र अवस्थित भएकाले यहाँ शान्त र शीतल वातावरणको अनुभव गर्न सकिन्छ । वीरेन्द्रनगर-९ स्थित लाटीकोइली शिव मन्दिर ऐतिहासिक तथा पुरातात्विक महत्वको प्राचीन धार्मिक सम्पदा हो । विशाल ढुङ्गाबाट निर्मित यो मन्दिरको वास्तुकला, गुम्बज शैली र मन्दिरभित्र सुनिने गुञ्जायमान ध्वनि विशेष आकर्षणका विषय हुन् । यसैगरी उत्तरगंगा मन्दिर, सिद्धपाइला, विभिन्न बौद्ध गुम्बा, मस्जिद तथा चर्चहरूले धार्मिक पर्यटनलाई थप

विविध र समृद्ध बनाएका छन् । नेपाल एकीकरणका क्रममा सुरक्षा प्रयोजनका लागि निर्माण गरिएको मानिने बयलकाँडा गढीबाट सुर्खेत उपत्यकाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । गढी नजिकै रहेको बटुक भैरव मन्दिरले यस क्षेत्रको धार्मिक महत्वलाई समेत बढाएको छ । त्यसैगरी गोठीकाँडा, सत्तेकाँडा, जुर्बटा डाँडा र निकासखोला, रानीघाट क्षेत्र प्राकृतिक सौन्दर्य, मनोरम दृश्यावलोकन तथा प्रकृतिसँग नजिक हुने अवसर प्रदान गर्ने सम्भावनायुक्त गन्तव्यहरु हुन् । विशेषगरी गोठीकाँडा र जुर्बटा डाँडाबाट सुर्खेत उपत्यका तथा आसपासका पहाडी शृंखलाहरूको आकर्षक दृश्य अवलोकन गर्न सकिन्छ ।

वीरेन्द्रनगरको पर्यटन केवल धार्मिक, ऐतिहासिक र प्राकृतिक सम्पदामा मात्र सीमित छैन । पूर्वतर्फ भेरी नदी र पश्चिमतर्फ कर्णाली नदी बग्ने भएकाले र्‍याफ्टिङका लागि समेत यो क्षेत्र आकर्षक गन्तव्य बन्न सक्छ । बयलकाँडा तथा आसपासका क्षेत्रबाट प्याराग्लाइडिङ सञ्चालन गरी साहसिक पर्यटनको विकास गर्न सकिने सम्भावना रहेको छ । नगरभित्र रहेका विविध सम्पदा, प्राकृतिक स्रोत र सांस्कृतिक विशेषताहरूलाई पर्यटनसँग जोड्न सके वीरेन्द्रनगर कर्णाली प्रदेशकै प्रमुख पर्यटन केन्द्रका रूपमा स्थापित हुन सक्छ । यातायात पहुँचका दृष्टिले पनि वीरेन्द्रनगर निकै सुविधासम्पन्न नगर हो । सुर्खेत विमानस्थलमार्फत काठमाडौंबाट नियमित हवाई सेवा सञ्चालन हुँदै आएको छ । सडकमार्गबाट नेपालगञ्ज, बुटवल, दाङ, काठमाडौं तथा कर्णाली प्रदेशका विभिन्न जिल्लासँग नियमित बस सेवा उपलब्ध छ । नगरभित्र अटोरिक्सा लगायत स्थानीय यातायातका साधन सहज रूपमा सञ्चालनमा छन् । अधिकांश पर्यटकीय स्थल कालोपत्रे वा ग्राभेल सडक सञ्जालमार्फत जोडिएका छन् भने केही स्थानमा छोटो पदयात्रा गर्नुपर्ने अवस्था पनि छ । सहज हवाई तथा सडक पहुँच, बढ्दो शहरी पूर्वाधार र विविध पर्यटकीय आकर्षणका कारण वीरेन्द्रनगर कर्णाली प्रदेशको पर्यटन विकासको केन्द्रबिन्दुका रूपमा स्थापित हुँदै गएको छ । पर्यटकीय स्थलहरूको संरक्षण, पूर्वाधार विकास, प्रचारप्रसार तथा पर्यटकीय प्याकेज निर्माण गर्न सके वीरेन्द्रनगर कर्णाली प्रदेशकै प्रमुख पर्यटन केन्द्रका रूपमा स्थापित हुने पर्याप्त सम्भावना रहेको छ । गन्तव्यहरूको समुचित संरक्षण, प्रवर्द्धन र पूर्वाधार विकासमार्फत वीरेन्द्रनगरलाई प्रदेशकै महत्वपूर्ण पर्यटन केन्द्रका रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।

# भाग २. होमस्टेको विकास र विस्तार

## २.१ होमस्टेको परिचय

'होमस्टे' (Homestay) अंग्रेजी शब्द हो, जसको शाब्दिक अर्थ 'घरमा बसाइ' वा 'घरबास' भन्ने हुन्छ । पर्यटनको सन्दर्भमा होमस्टे भन्नाले स्थानीय समुदायका परिवारले आफ्नै घरमा पर्यटकलाई आवास, भोजन तथा आतिथ्य सेवा प्रदान गर्ने व्यवस्थालाई बुझिन्छ । होमस्टेमा पर्यटकले होटल वा रिसोर्टमा जस्तो केवल बसोबासको सुविधा मात्र प्राप्त गर्दैनन्, बरू स्थानीय परिवारसँग प्रत्यक्ष घुलमिल हुँदै उनीहरूको जीवनशैली, संस्कृति, परम्परा, खानपान, भाषा, कला तथा सामाजिक व्यवहारलाई नजिकबाट अनुभव गर्ने अवसर पाउँछन् । होमस्टे समुदायमा आधारित पर्यटन (Community–Based Tourism) को एक महत्वपूर्ण स्वरूप हो । यस अवधारणाले पर्यटनबाट प्राप्त हुने लाभ स्थानीय समुदायसम्म प्रत्यक्ष रूपमा पुग्नुपर्ने मान्यता राख्छ । पर्यटकलाई स्थानीय परिवेशमा आधारित वास्तविक अनुभव प्रदान गर्दै स्थानीय संस्कृति, प्राकृतिक सम्पदा र जीवनशैलीको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले होमस्टेको विकास भएको हो ।

विश्वव्यापी रूपमा होमस्टे अवधारणाको विकास दिगो पर्यटन (Sustainable Tourism), ग्रामीण पर्यटन (Rural Tourism) तथा समुदायमा आधारित पर्यटनको अवधारणासँगै भएको मानिन्छ। परम्परागत पर्यटन प्रणालीमा अधिकांश आर्थिक लाभ होटल, ट्राभल कम्पनी वा ठूला व्यवसायिक प्रतिष्ठानमा केन्द्रित हुने भएकाले ग्रामीण समुदाय प्रत्यक्ष रूपमा लाभान्वित हुन सक्दैनथे । यस अवस्थालाई परिवर्तन गर्दै स्थानीय जनतालाई पर्यटन गतिविधिको केन्द्रमा राख्ने उद्देश्यले होमस्टे अवधारणाको विकास भएको हो । होमस्टेले पर्यटनलाई केवल आर्थिक गतिविधिको रूपमा मात्र नभई सांस्कृतिक आदानप्रदान, सामाजिक सम्बन्ध विस्तार तथा स्थानीय पहिचान संरक्षणको माध्यमका रूपमा स्थापित गरेको छ ।

पर्यटकले स्थानीय परिवारसँग बस्दै उनीहरूको दैनिक जीवन, कृषि प्रणाली, परम्परागत सीप, सांस्कृतिक गतिविधि, चाडपर्व तथा खानपानबारे प्रत्यक्ष जानकारी प्राप्त गर्ने अवसर पाउँछन् । यसले पर्यटकलाई गन्तव्यको वास्तविक अनुभव प्रदान गर्नुका साथै स्थानीय समुदायमा आत्मविश्वास र आर्थिक सशक्तीकरणको आधार तयार गर्दछ । नेपालको सन्दर्भमा होमस्टे ग्रामीण पर्यटन विकासको प्रभावकारी माध्यमका रूपमा स्थापित भएको छ । प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता तथा जातीय पहिचानले सम्पन्न नेपाली गाउँहरूलाई पर्यटनसँग जोड्दै स्थानीय आयआर्जन वृद्धि, रोजगारी सिर्जना, महिला सशक्तीकरण, सांस्कृतिक संरक्षण तथा दिगो विकासमा योगदान पुर्‍याउने उद्देश्यले होमस्टे कार्यक्रम सञ्चालन हुँदै आएका छन् । यसरी होमस्टे केवल पर्यटक बस्ने स्थान मात्र नभई स्थानीय संस्कृति, परम्परा, प्रकृति र समुदायसँग प्रत्यक्ष रूपमा जोड्ने जीवित सांस्कृतिक अनुभवको केन्द्र हो । पर्यटनको माध्यमबाट स्थानीय समुदायको आर्थिक तथा सामाजिक विकास गर्दै मौलिक पहिचानको संरक्षण गर्ने दिगो पर्यटनको सफल अभ्यासका रूपमा होमस्टे विश्वभर र नेपालमा समेत लोकप्रिय बन्दै गएको छ ।

## २.२ नेपालमा होमस्टेको विकास एवं ऐतिहासिक पृष्ठभूमि

नेपाल प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, जातीय पहिचान र मौलिक जीवनशैलीले सम्पन्न देश हो । लामो समयसम्म नेपालको पर्यटन क्षेत्र मुख्यतः हिमाल आरोहण,

पदयात्रा र धार्मिक पर्यटनमा केन्द्रित रह्यो । तर पर्यटकलाई स्थानीय समुदायको जीवनशैली, संस्कृति, परम्परा, खानपान तथा ग्रामीण परिवेशसँग प्रत्यक्ष साक्षात्कार गराउने उद्देश्यले विकसित भएको होमस्टे (घरबास) अवधारणाले नेपालको पर्यटन क्षेत्रमा नयाँ आयाम थपेको छ । नेपालमा होमस्टे पर्यटनको सुरूआत स्याङ्जा जिल्लाको सिरूबारी गाउँबाट भएको मानिन्छ । गण्डकी प्रदेशस्थित सिरूबारीमा स्वर्गीय रूद्रमान गुरूङको नेतृत्वमा विसं २०५४ साल कात्तिक २३ गते दक्षिण एसियाकै पहिलो सामुदायिक होमस्टे सञ्चालनमा आएको थियो । भारतीय सेनाका पूर्व क्याप्टेन तथा तत्कालीन सांसद गुरूङले ग्रामीण पर्यटनमार्फत स्थानीय समुदायको आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने उद्देश्यले यो अभियान सुरू गरेका थिए ।

समुद्री सतहबाट करिब १,६१० मिटर उचाइमा रहेको सिरूबारी गाउँ प्राकृतिक सौन्दर्य, गुरूङ संस्कृति, व्यवस्थित बस्ती, सामुदायिक वन तथा हिमाली दृश्यावलोकनका कारण आकर्षक गन्तव्यका रूपमा परिचित थियो । गाउँका ४३ घरधुरीमध्ये ३५ घरलाई होमस्टे सञ्चालनका लागि तयार गरी स्थानीय स्तरमा पर्यटन विकास व्यवस्थापन समिति गठन गरिएको थियो । त्यसपछि सिरूबारीमा आउने पर्यटकलाई स्थानीय परिवारमै बसोबास, स्थानीय परिकार, सांस्कृतिक प्रस्तुति तथा ग्रामीण जीवनशैलीको अनुभव गराउने अभ्यास सुरू भयो । सिरूबारी होमस्टेले पर्यटकलाई केवल आवास सेवा मात्र उपलब्ध गराएन, बरू स्थानीय समुदायसँग प्रत्यक्ष घुलमिल हुने अवसर प्रदान गर्‍यो । पाहुनाको स्वागत पञ्चेबाजा, फूलमाला र सांस्कृतिक कार्यक्रममार्फत गर्ने परम्परा बसालियो । स्थानीय उत्पादनमा आधारित भोजन, गुरूङ समुदायका घाटु, सोरठी, सालैजो लगायतका सांस्कृतिक प्रस्तुति तथा ग्रामीण परिवेशको अनुभवले सिरूबारीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित बनायो । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले विसं २०५६ मा गाउँ पर्यटन महोत्सवका अवसरमा सिरूबारी होमस्टेको औपचारिक उद्‌घाटन गरेका थिए । सिरूबारीको सफलतापछि नेपालका विभिन्न ग्रामीण क्षेत्रमा होमस्टे सञ्चालनको अवधारणा विस्तार हुँदै गयो। लमजुङको घलेगाउँ, कास्कीको ल्वाङ, पर्वतको चित्रे, तनहुँको काउलेपानी, बन्दीपुर, पूर्वी नवलपरासीको अमलटारी लगायतका क्षेत्रमा सामुदायिक तथा निजी होमस्टे सञ्चालनमा आए । यसले ग्रामीण पर्यटन प्रवर्द्धन, स्थानीय रोजगारी सिर्जना, सांस्कृतिक संरक्षण तथा आयआर्जन वृद्धि गर्ने प्रभावकारी माध्यमका रूपमा आफ्नो पहिचान स्थापित गर्‍यो । सिरूबारीमा होमस्टे सञ्चालन सुरू भएको करिब १३ वर्षपछि नेपाल सरकारले विसं २०६७ मा 'होमस्टे सञ्चालन कार्यविधि' जारी गरी होमस्टे व्यवस्थापनका लागि आवश्यक मापदण्ड तथा न्यूनतम पूर्वाधार निर्धारण गर्‍यो । यस कार्यविधिले होमस्टेलाई औपचारिक मान्यता प्रदान गर्दै दिगो र व्यवस्थित विकासको आधार तयार गर्‍यो । त्यसपछि संघीय, प्रदेश तथा स्थानीय सरकारले होमस्टे प्रवर्द्धनलाई पर्यटन विकासको महत्वपूर्ण रणनीतिका रूपमा अघि बढाएका छन् । हाल नेपालका हिमाली, पहाडी तथा तराई क्षेत्रका विभिन्न समुदायमा आधारित होमस्टे सञ्चालनमा रहेका छन् । थारू, गुरूङ, मगर, तामाङ, राजी, शेर्पा, नेवार लगायतका समुदायका मौलिक संस्कृति, भाषा, परम्परा, खानपान, कला र जीवनशैलीलाई पर्यटनसँग जोड्ने माध्यमका रूपमा होमस्टे विकास हुँदै गएको छ । सरकारी तथ्यांकअनुसार हाल देशभर एक हजारभन्दा बढी सामुदायिक होमस्टे तथा सयौं निजी होमस्टे सञ्चालनमा रहेका छन् । कर्णाली प्रदेशमा पनि पछिल्लो समय होमस्टे पर्यटनको विस्तार तीव्र रूपमा भइरहेको छ । स्थानीय संस्कृति, प्राकृतिक सम्पदा, जैविक विविधता तथा ग्रामीण जीवनशैलीलाई पर्यटनसँग जोड्ने उद्देश्यले विभिन्न स्थानमा सामुदायिक तथा निजी होमस्टे सञ्चालनमा आएका छन् । विशेषगरी थारू, राजी, गुरूङ लगायतका समुदायको मौलिक संस्कृति संरक्षण तथा स्थानीय आर्थिक विकासमा होमस्टेले महत्वपूर्ण योगदान पुर्‍याइरहेको छ । यसरी नेपालमा होमस्टे पर्यटनको इतिहास सिरूबारीबाट सुरू भएपनि आज यो देशव्यापी ग्रामीण पर्यटन अभियानका रूपमा विकसित भएको छ । स्थानीय समुदायको सक्रिय सहभागिता, सांस्कृतिक संरक्षण, आर्थिक सशक्तीकरण र दिगो पर्यटन विकासको सफल नमुनाका रूपमा होमस्टे नेपाल पर्यटन उद्योगको महत्वपूर्ण आधारस्तम्भ बनेको छ ।

## २.३ होमस्टे सञ्चालनको उद्देश्य

### होमस्टे सञ्चालनका निम्न उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।

- पर्यटन क्षेत्रको प्रतिफल ग्रामिण समुदायमा पुर्‍याउने
- ग्रामिण समुदायको आयस्रोत वृद्धि गरी जीनवस्तर उकास्ने
- ग्रामिण तथा स्थानीयस्तरमा स्वरोजगार सिर्जना गर्ने ।
- पर्यटकलाई ग्रामिण जनजीवन, रैथाने कला संस्कृति, परम्पराबारे जानकारी दिई जर्गेना गर्ने
- होमस्टेमा आवास सुविधामात्र नभई पर्यटकलाई रितीरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने ।
- सहरी क्षेत्रमा पर्यटकलाई सरल, सुलभ र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ।
- प्राकृतिक तथा पर्यावरणीय सम्पदाको संरक्षण गर्ने

# भाग ३. वीरेन्द्रनगरमा होमस्टे

## ३.१ वीरेन्द्रनगरमा होमस्टे सञ्चालन गर्ने प्रमुख समुदाय

### (क) थारू समुदाय

औलो उन्मूलन हुनुअघि अर्थात् वि.सं. २०२२ सालभन्दा पहिले सुर्खेत उपत्यकामा मुख्यतः थारू समुदायको मात्र बसोबास थियो। घना जंगल फाँडेर खोरिया खेतीयोग्य जमिनमा रूपान्तरण गर्ने, बस्ती बसाउने र उपत्यकाको प्रारम्भिक सभ्यतालाई आकार दिने समुदायका रूपमा थारूहरूको महत्वपूर्ण योगदान रहेको छ। सुर्खेत उपत्यकाका साबिक लाटीकोइली र उत्तरगंगा गाविस थारू समुदायका पुराना तथा बाक्ला बस्तीका रूपमा परिचित थिए। लाटीकोइलीमा २२ र उत्तरगंगामा १३ गरी ३५ गाउँमा थारू समुदायको सघन बसोबास रहेको थियो। मुलुक संघीय संरचनामा प्रवेश गरेपछि प्रशासनिक सीमांकनका कारण ती बस्तीहरु विभिन्न वडामा विभाजित भए पनि थारू समुदायको सामाजिक र सांस्कृतिक प्रभाव आज पनि उत्तिकै जीवन्त छ। राजनीतिक तथा सामाजिक परिवर्तनसँगै थारू समुदायले शिक्षा, प्रशासन र सार्वजनिक जीवनमा आफ्नो पहुँच विस्तार गर्दै आएको छ। विशेषगरी वि.सं. २०६२/०६३ को राजनीतिक परिवर्तनपछि थारू युवापुस्तामा शिक्षा, सरकारी सेवा तथा स्थायी रोजगारीप्रतिको आकर्षण उल्लेखनीय रूपमा बढेको देखिन्छ। कर्णाली प्रदेशमै थारू समुदायको बसोबास रहेको एकमात्र जिल्ला सुर्खेत हो। सुर्खेतमा पनि प्रदेश राजधानी रहेको वीरेन्द्रनगर नगरपालिका, जसलाई सुर्खेत उपत्यका भनेर चिनिन्छ, थारू समुदायको प्रमुख बसोबास क्षेत्र हो। थारूहरूको सुर्खेत प्रवेश वि.सं. १९५० तिर पश्चिम दाङको जगन्नाथपुरी क्षेत्रबाट भएको मानिन्छ। यहाँका थारू मूलतः डगौरा थारू समुदायका हुन्। त्यतिबेला सुर्खेत उपत्यकामा मानव बस्ती न्यून थियो र थारू समुदायले नै यहाँको बसोबास तथा कृषि विकासको आधार निर्माण गरेको मानिन्छ।

हाल उपत्यकामा रत्न राजमार्ग र जुम्ला रोड (कर्णाली राजमार्ग) को दक्षिणतर्फ ३६ गाउँ तथा राजमार्गको उत्तरतर्फ दुई गाउँ गरी ३८ गाउँमा थारू बस्ती रहेका छन्। वीरेन्द्रनगर नगरपालिकाका वडा नं. २, ३, ८, ९, १०, ११ र १२ मा थारू समुदायको उल्लेख्य बसोबास रहेको छ। यस समुदायको जनसंख्या ६ हजार १११ रहेको छ। वडा नं. २ का बिउराघारी, कोलडाँडा, डारागाउँ, नयाँबस्ती, फलाँटे, ठौरी, जयपुर, जोगीगाउँ, खोलीगाउँ, गुप्तीपुर र लौवस्ता, वडा नं. ३ का मसुरीखेत, पटेनी, तातापानी र इटौरा, वडा नं. ८ को नौलापुर, वडा नं. ९ का कालीमाटी, जब्दी, तिलपुर, घोघ्रेनी, पातालगंगा, माथिल्लो पर्सेनी, तल्लो पर्सेनी र धरमपुर, वडा नं. १० का बुदबुँदी, पदमपुर, भवानीपुर, कुन्ती, पिपिरा, नयाँगाउँ, पुरानो घुस्रा, मनिकापुर, रहरपुर र नयाँ घुस्रा तथा वडा नं. ११ का गाग्रेताल, चारकुने, ढोलढुंगा र सुब्बाकुना थारू समुदायको बसोबास रहेका प्रमुख गाउँहरु हुन्। थारू समुदायको आफ्नै भाषा, संस्कृति, रहनसहन, पहिरन, खानपान तथा सामाजिक संरचना छ। परम्परागत रूपमा माटो र काठबाट निर्मित घर, घरका भित्तामा बनाइने कलात्मक चित्र, सामूहिक जीवनशैली तथा कृषि पेशा थारू संस्कृतिका प्रमुख विशेषता मानिन्छन्। महिलाहरूले लगाउने रंगीन पहिरन र गहना तथा पुरुषहरूको परम्परागत पोशाकले थारू संस्कृतिको विशिष्ट पहिचान झल्काउँछ। वीरेन्द्रनगरको सांस्कृतिक सम्पदामा थारू समुदायका भित्ताचित्र, घर सजावट तथा हस्तकलाले विशेष स्थान ओगटेका छन्। माटो, बाँस, काठ तथा अन्य प्राकृतिक सामग्री प्रयोग गरी बनाइने सामग्रीहरूले उनीहरूको सीप, सृजनशीलता र प्रकृतिसँगको आत्मीय सम्बन्धलाई उजागर गर्छन्। थारू समुदायको सबैभन्दा महत्वपूर्ण सांस्कृतिक पर्व माघी हो। नयाँ वर्षका रूपमा समेत मनाइने यस पर्वमा सामूहिक भेला, सांस्कृतिक कार्यक्रम, पारिवारिक भेटघाट, परम्परागत नृत्य तथा विशेष भोजको आयोजना गरिन्छ। झुम्रा, लाठी नाच लगायतका थारू सांस्कृतिक नृत्यहरु यहाँका प्रमुख आकर्षण हुन्। यस्ता सांस्कृतिक प्रस्तुतिहरूले समुदायको मौलिक पहिचानलाई संरक्षण गर्नुका साथै नयाँ पुस्तामा संस्कृति हस्तान्तरण गर्न महत्वपूर्ण भूमिका खेलिरहेका छन्। थारू समुदायको खाद्य संस्कृति पनि उत्तिकै समृद्ध छ। घोंगी, ढिक्री, अनदी चामलका परिकार, माछाका विभिन्न परिकार तथा स्थानीय सामग्रीबाट तयार गरिने परम्परागत भोजनहरु यस समुदायको विशेष पहिचानका रूपमा रहेका छन्। यस्ता परिकारहरूले स्थानीय स्वाद मात्र नभई थारू समुदायको जीवनशैली, वातावरण र सांस्कृतिक परम्परालाई समेत प्रतिबिम्बित गर्दछन्।

### (ख) राजी समुदाय

नेपाल आदिवासी जनजाति महासंघको संघीय परिषदद्वारा अनुमोदित वर्गीकरणको पहिलो समूहमा पर्ने राजी जाति नेपालका दुर्लभ तथा लोपोन्मुख आदिवासी समुदायमध्ये एक हो। महासंघकै सिफारिसका आधारमा नेपाल सरकारले राजी जातिलाई लोपोन्मुख जातिको सूचीमा समावेश गरी सामाजिक सुरक्षा सम्बन्धी विशेष कार्यक्रमहरु लागू गर्दै आएको छ। सुर्खेत उपत्यकाको इतिहास, संस्कृति र प्रारम्भिक बसोबासको चर्चा गर्दा थारूसँगै राजी समुदायको योगदानलाई पनि उत्तिकै महत्वपूर्ण रूपमा स्मरण गरिन्छ।

राजी समुदायलाई आफ्नो उत्पत्तिबारे स्पष्ट ऐतिहासिक अभिलेख थाहा छैन। तर कर्णाली क्षेत्रमा प्रचलित जनश्रुति अनुसार मुगुको राराताल फुटेपछि 'राक्मा' नामक स्थानबाट पूर्वी सुर्खेत हुँदै भेरी र कर्णाली नदी किनारका क्षेत्रमा उनीहरूको बसोबास फैलिएको मानिन्छ। कर्णालीमा आज पनि एउटा उखान प्रचलित छ– "राजीका घरमा सल्लाह गर्दागर्दै सात गाउँ बगे।" ढिलासुस्ती वा निर्णयमा ढिलाइ हुने अवस्थालाई संकेत गर्न यो उखान प्रयोग गरिन्छ, जसले राजी समुदायको ऐतिहासिक उपस्थितिलाई पनि स्मरण गराउँछ। राजी समुदायको उत्पत्तिसँग सम्बन्धित एउटा रोचक किम्बदन्ती

पनि प्रचलित छ । भनिन्छ, परापूर्वकालमा मानिसहरूको एक समूहले नदी तथा खोलाहरूमा मानिसलाई वारपार गराउने काम गर्दथ्यो । एकपटक एक ऋषिमुनिलाई नदी तरेर कतै जानुपर्ने भयो । नदी तारिदिएबापत उक्त समूहले लेखिने कागजपत्रहरूमा 'राजीखुशी' भन्ने शब्द लेख्न पाउनुपर्ने शर्त राखेछन् । ऋषिमुनिले त्यो शर्त स्वीकार गरेपछि कालान्तरमा 'राजीखुशी' शब्द नै अपभ्रंश हुँदै 'राजी' जातिको नाम रहन गएको जनविश्वास पाइन्छ । शारीरिक बनावटका दृष्टिले राजी समुदाय मंगोलियन मूलका जस्ता देखिए पनि उनीहरूको शरीर प्रायः पातलो, आँखा तेजिला र वर्ण गहुँगोरो हुन्छ । उनीहरु प्रकृतिपूजक समुदायका रूपमा परिचित छन् । आफ्नै भाषा, भेषभूषा, परम्परा, संस्कार र सांस्कृतिक अभ्यासले यो समुदायलाई विशिष्ट पहिचान प्रदान गरेको छ । पुरुषहरूले टोपी, कमिज, भोटो, हरियो खिका भएको छड्के पटुका र सर्दरी लगाउने गर्दछन् भने महिलाहरूले टोपरेलको गुन्यु, चोली, घलेक तथा सेतो रूमाल प्रयोग गर्दछन् ।

राजी समुदायमा विवाह मागेर, तानेर वा भगाएर आफ्नै जातिभित्र गर्ने चलन छ । उनीहरूले मृतकको शव जलाउने नभई जमिनमुनि गाड्ने परम्परा अपनाउँछन् । मृत्यु भएको १३ दिनपछि मात्र काजकिरिया गर्ने संस्कार रहेको छ । राजीहरु आफूलाई 'फान जाति' भनेर चिनाउने गर्दछन् । उनीहरूको जीवनशैली परम्परागत रूपमा प्रकृतिसँग नजिक रहेको छ । राउटे समुदायजस्तै उनीहरु पनि कुनै समय फिरन्ते जीवन बिताउँथे । राजी समुदायको पुर्ख्यौली पेशा नदी तथा वनसँग जोडिएको थियो । नदीनालामा माछा मार्ने, डुंगा बनाउने, मानिसलाई नदी वारपार गराउने, नदी किनारमा सुन चाल्ने, वन माहुरी तथा भीर माहुरीको मह काढ्ने र विभिन्न मन्दिरमा पुजारीको काम गर्ने उनीहरूको प्रमुख जीविकोपार्जनका आधार थिए । राजी शाल्म समाजका अनुसार सुरूमा एउटै रहेको यो समुदाय समयक्रममा बाह्रबण्डाले, नौकुल्या र पुर्वा गरी तीन मुख्य उपजातिमा विभाजित भएको पाइन्छ । यी तीन उपजातिभित्र ३९ थर रहेका छन् । राजी समुदायको आफ्नै भाषा छ, जसलाई 'राजी भाषा' भनिन्छ । यद्यपि यो भाषाको अहिलेसम्म आफ्नै लिपि विकास हुन सकेको छैन । वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार नेपालभर राजी समुदायको जनसंख्या ४ हजार ६ सय ४६ रहेको छ भने विभिन्न अध्ययनले यो संख्या करिब ५ हजारको हाराहारीमा रहेको उल्लेख गरेका छन् । उपत्यकाको जयपुर–ठौरी क्षेत्रमा बसोबास गर्ने राजी समुदायलाई समयसँगै अन्य समुदायको विस्तार, आर्थिक अवसरको अभाव तथा पुर्ख्यौली पेशाबाट जीविकोपार्जन गर्न कठिन हुँदै गएपछि बसाइँसराइ गर्नुपर्ने अवस्था आयो । उनीहरूमध्ये धेरै परिवार बर्दिया–सुर्खेत सीमास्थित बबई क्षेत्रदेखि पश्चिम सुर्खेतको घाटगाउँ, जामु, कुइनेसम्म सरे भने केही परिवार छिञ्चु क्षेत्रमा बसाइँ सरेका थिए । राजी समुदायका अनुसार राज्यका विभिन्न नीतिका कारण प्राकृतिक स्रोतसाधनमाथिको पहुँच क्रमशः सीमित हुँदै गयो । नदी, ताल तथा जलस्रोतहरु ठेक्का प्रणालीमा सञ्चालन हुन थालेपछि माछा मार्ने परम्परागत पेशा प्रभावित बन्यो । चुरे पहाड र महाभारत पर्वत शृत्तलाबीच रहेको सुर्खेत उपत्यकालाई बस्तीयोग्य बनाउन थारू र राजी समुदायको महत्वपूर्ण योगदान रहेको मानिन्छ । घना जंगल फाँड्ने, खोरिया खेती विस्तार गर्ने र प्रारम्भिक बस्ती बसाल्ने समुदायका रूपमा उनीहरूको ऐतिहासिक भूमिका रहेको छ । यही कारण थारू र राजी समुदायले आफूलाई सुर्खेत उपत्यकाको भूमिपुत्र समुदायका रूपमा चिनाउँदै आएका छन् । आज राजी समुदाय स्थायी बसोबासतर्फ उन्मुख भएपनि उनीहरूको मौखिक इतिहास, लोककथा, सांस्कृतिक परम्परा, प्रकृतिसँग जोडिएको जीवनशैली तथा सामुदायिक ज्ञान प्रणाली अझै पनि जीवित छ । राजी समुदायका मौखिक परम्परा, लोककथा, सांस्कृतिक अभिव्यक्ति र जीवनपद्धति सुर्खेतको सांस्कृतिक विविधताको महत्वपूर्ण सम्पदा हुन् । यिनको संरक्षण, दस्तावेजीकरण र प्रवर्द्धनले मात्र यो दुर्लभ समुदायको मौलिक पहिचान भावी पुस्तासम्म हस्तान्तरण गर्न सकिनेछ ।

### ग. गुरूङ समुदाय

गुरूङ समुदाय वीरेन्द्रनगरमा बसोबास गर्ने प्रमुख जनजाति समुदायमध्ये एक हो । गुरूङ, जसलाई आफ्नै भाषामा "तमु" भनिन्छ, नेपालको प्रमुख आदिवासी जनजातिमध्ये पर्दछन् । उनीहरूको मूल बसोबास मध्य नेपालको अन्नपूर्ण क्षेत्रअन्तर्गत लमजुङ, कास्की, गोरखा, तनहुँ, मनाङ तथा मुस्ताङ जिल्लालाई मानिन्छ । भाषा, संस्कृति र शारीरिक बनावटका आधारमा गुरूङ समुदाय तिब्बती–बर्मेली समूहसँग सम्बन्धित रहेको मानिन्छ । विभिन्न ऐतिहासिक तथा मानवशास्त्रीय अध्ययनले गुरूङ समुदायका पुर्खाहरु हजारौं वर्षअघि तिब्बततर्फबाट हिमाली क्षेत्र हुँदै नेपालको मध्य पहाडी भूभागमा बसाइँ सरेको देखाउँछन् ।

धार्मिक रूपमा अधिकांश गुरूङ समुदायले बौद्ध धर्म, बोन परम्परा तथा प्रकृति–पूजनलाई आत्मसात् गरेका छन् भने समयक्रममा केहीले हिन्दू संस्कृतिसँग पनि समन्वय गरेका छन् । यही धार्मिक सहअस्तित्व र सांस्कृतिक समन्वयले गुरूङ समुदायलाई नेपालको बहुसांस्कृतिक समाजको महत्वपूर्ण हिस्साका रूपमा स्थापित गरेको छ । उनीहरूको प्रमुख सांस्कृतिक पर्वमध्ये तमु ल्होसार विशेष महत्वको मानिन्छ । नयाँ वर्षका रूपमा मनाइने तमु ल्होसारले गुरूङ समुदायको सांस्कृतिक एकता, सामाजिक सम्बन्ध र मौलिक परम्परालाई जीवन्त राख्ने काम गर्दछ । सुर्खेत गुरूङ समुदायको परम्परागत मूल थलो नभए पनि विगत केही दशकयता बसाइँसराइ, सरकारी सेवा, व्यापार, शिक्षा तथा सैनिक सेवाबाट अवकाश प्राप्त परिवारहरूको आगमनसँगै यहाँ गुरूङ समुदायको उपस्थिति उल्लेखनीय रूपमा बढेको छ । विशेषगरी २०३० को दशकपछि पहाडी जिल्लाहरूबाट सुर्खेततर्फ बसाइँसराइको क्रम तीव्र बनेसँगै गुरूङ परिवारहरु पनि वीरेन्द्रनगरमा स्थायी रूपमा बसोबास गर्न थालेका हुन् । प्रदेश राजधानीका रूपमा वीरेन्द्रनगरको विकास, शिक्षा तथा रोजगारीका अवसरहरूको विस्तार र व्यापारिक गतिविधिको वृद्धिले पनि गुरूङ समुदायलाई यहाँ आकर्षित गरेको देखिन्छ । वीरेन्द्रनगर नगरपालिकाको २०७८

सालअघिको जनसांख्यिक विवरणअनुसार गुरूङ समुदाय नगरको कुल जनसंख्याको करिब १.६ प्रतिशत रहेको देखिन्छ । पछिल्ला वर्षहरूमा बसाइँसराइ तथा शहरीकरणका कारण यो संख्या केही बढेको हुनसक्ने अनुमान गरिएको छ । कृषि, पशुपालन, सैनिक सेवा, व्यापार तथा विभिन्न पेशागत क्षेत्रमा गुरूङ समुदायले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । आज गुरूङ समुदाय नेपालको सामाजिक, राजनीतिक, शैक्षिक, प्रशासनिक तथा आर्थिक क्षेत्रमा सक्रिय र प्रभावशाली समुदायका रूपमा स्थापित भइसकेको छ । गुरूङ समुदायको सामाजिक संरचना, सांस्कृतिक अनुशासन, सामुदायिक एकता तथा परम्परागत संस्कार विशेष महत्वका रूपमा चिनिन्छन् । सामूहिक निर्णय, आपसी सहयोग र समुदायप्रतिको उत्तरदायित्वको भाव उनीहरूको सामाजिक जीवनका महत्वपूर्ण पक्ष हुन् । तामु ल्होसारका अवसरमा आयोजना गरिने सांस्कृतिक कार्यक्रम, सामूहिक भेला, परम्परागत गीत-संगीत तथा नृत्यले समुदायभित्रको एकतालाई अझ मजबुत बनाउने गर्दछ ।

गुरूङ समुदायका धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूमा सामूहिक नृत्य, गीत तथा परम्परागत वाद्यवादनको विशेष महत्व हुन्छ । रंगीन भेषभूषा, सांस्कृतिक प्रस्तुति तथा मौलिक जीवनशैलीले गुरूङ संस्कृतिलाई पर्यटनका दृष्टिले आकर्षक बनाएको छ । विशेषगरी सांस्कृतिक पर्यटनको विकासका लागि गुरूङ समुदायका परम्परा, संस्कार र सांस्कृतिक सम्पदाहरु महत्वपूर्ण आधार मानिन्छन् । खानपानको दृष्टिले पनि गुरूङ समुदायको आफ्नै मौलिक पहिचान छ । कोदो, फापर, मकै तथा स्थानीय अन्नबाट बनाइने परिकारहरु उनीहरूका परम्परागत भोजनका रूपमा लोकप्रिय छन् । ग्रामीण क्षेत्रमा स्थानीय उत्पादनमा आधारित जैविक खानाको परम्परा अझै पनि जीवित रहेको पाइन्छ । गुरूङ तथा मगर समुदायका परम्परागत परिकारहरूले स्थानीय खाद्य संस्कृतिलाई समृद्ध बनाएका छन् भने पाहुनालाई आत्मीयतापूर्वक सत्कार गर्ने संस्कारले उनीहरूको सामाजिक जीवनलाई थप विशिष्ट बनाएको छ । गुरूङ समुदायका परम्परागत पोशाक, अलंकार तथा सांस्कृतिक सामग्रीहरूले स्थानीय कला र सांस्कृतिक सम्पदालाई समृद्ध बनाएका छन् । उनीहरूको भेषभूषा, लोकसंस्कृति, सांगीतिक परम्परा र सामुदायिक जीवनशैलीले वीरेन्द्रनगरको बहुसांस्कृतिक पहिचानलाई अझ विविध, जीवन्त र आकर्षक बनाएको छ ।

### घ. खस आर्य

सुर्खेत उपत्यका ऐतिहासिक रूपमा थारू, मगर, राजी लगायतका समुदायहरूको बसोबास क्षेत्र मानिए पनि मलेरिया उन्मूलनपछि विशेषगरी २०२० को दशकपछि पहाडी जिल्लाहरूबाट ठूलो मात्रामा बसाइँसराइ हुन थालेको थियो । दैलेख, जाजरकोट, सल्यान, कालिकोट, अछाम, जुम्ला, हुम्ला, मुगु, डोल्पा, बाजुरा लगायतका जिल्लाबाट आएका ब्राह्मण, क्षेत्री, ठकुरी, दलित, तथा अन्य खस आर्य समुदायले सुर्खेतलाई स्थायी बसोबासको केन्द्र बनाए । पछि वीरेन्द्रनगर क्षेत्र क्षेत्रीय सदरमुकाम, त्यसपछि कर्णाली प्रदेशको राजधानी बनेसँगै खस आर्य समुदायको जनघनत्व अझ बढ्दै गयो । खस आर्य समुदायको इतिहास कर्णाली सभ्यता र प्राचीन खस राज्यसँग जोडिएको छ । पश्चिम नेपालको खस साम्राज्यबाट विकसित भएको यो समुदाय शिक्षा, प्रशासन, कृषि, व्यापार तथा राज्य सञ्चालनका क्षेत्रमा प्रभावशाली उपस्थिति राख्दै आएको छ । सुर्खेतको शहरीकरण र प्रशासनिक विस्तारसँगै वीरेन्द्रनगरमा खस आर्य समुदाय प्रमुख जनसांख्यिक समूहका रूपमा स्थापित भएको देखिन्छ ।

वीरेन्द्रनगर-१३ अन्तर्गतको करेखोला, जर्बुटा, आफर लगायतका बस्तीहरूमा दलित समुदायको उल्लेखनीय बसोबास पाइन्छ । यी क्षेत्रहरूमा मुख्यतः कामी, दमाई, सार्की तथा अन्य दलित समुदायका परिवारहरु विभिन्न कालखण्डमा दैलेख, जाजरकोट, सल्यान र सुर्खेतकै ग्रामीण क्षेत्रबाट बसाइँ सरेर आएका हुन् । प्रारम्भिक अवस्थामा उनीहरु परम्परागत सीपमूलक पेशा, कृषि मजदुरी तथा दैनिक श्रममा संलग्न थिए । समयक्रममा शिक्षा, वैदेशिक रोजगार, व्यवसाय तथा स्थानीय पर्यटनमा समेत उनीहरूको सहभागिता बढ्दै गएको छ ।

## ३.२ वीरेन्द्रनगरमा सञ्चालित होमस्टे

### क. आफर होमस्टे

| विवरण | जानकारी |
|---|---|
| ठेगाना | वीरेन्द्रनगर नगरपालिका वडा नं १३ आफर |
| समुदाय विशेषता | दलित, क्षेत्री, ब्राहमण, जनजाति |
| प्रकृति | सामुदायिक |
| सञ्चालन समिति | आफर सामुदायिक होमस्टे |
| व्यवस्थापक | मिना विक |
| सम्पर्क नं | ९८४८१५८२०२ |
| इमेल/फेसबुक | |
| परिकार/कला संस्कृति | अर्गानिक रैथाने परिकारहरू/टप्पा, झ्याउरे |
| होमस्टे संरचना/सुविधा | १६ घर, १६ कोठा, ३२ बेड, एकैपटक बसाल्न सकिने पाहुना क्षमता ६४ जना |
| सडक पहुँच | कालोपत्रे, कच्ची |
| पहुँच माध्यम | निजी तथा सार्वजनिक सवारी साधन |
| मंगलगढीबाट दुरी | ७.३ किमी |
| बजार | करैखोला |
| सुविधा | प्रोगाम हल, गाडी पार्किङ, वाइफाई इन्टरनेट, तातो-चिसोपानी, विद्युत्, शौचालय |
| पर्यटकीय आर्कषण | जर्बुटा डाँडा, सुर्खेत भ्याली अवलोकन, कृषि खेती अवलोकन |





वीरेन्द्रनगर नगरपालिका-१३ स्थित आफर गाउँका महिलाहरूको सक्रिय पहलमा २०७६ सालदेखि आफर सामुदायिक होमस्टे सञ्चालनमा आएको हो । आफर सामुदायिक होमस्टेद्वारा सञ्चालित यो होमस्टे घरेलु तथा उपभोक्ता हित संरक्षण कार्यालयमा विधिवत् दर्ता भएको छ। महिलाहरूले मात्र व्यवस्थापन गर्दै आएको यस होमस्टेको व्यवस्थापक मिना विक हुनुहुन्छ । वीरेन्द्रनगर-१३ को वडा कार्यालयबाट करिब १.५ किलोमिटर पूर्वतर्फ अवस्थित यो होमस्टे नजिकको बजार करेखोला हो । हाल होमस्टेमा १६ घर आवद्ध छन् । ती घरहरूमा १६ वटा कोठा र ३२ वटा बेड पाहुनाका लागि छुट्याइएको छ । आवश्यकताअनुसार एकैपटक ६४ जनासम्मलाई बसोबास गराउन सकिने व्यवस्था रहेको छ भने १५० जनालाई भोजन गराउन सकिने क्षमता रहेको छ । यहाँ कार्यक्रम हल, शौचालय, तातो-चिसो पानी, वाइफाइ इन्टरनेट तथा गाडी पार्किङको सुविधा उपलब्ध छ । होमस्टेको आफ्नै सुरक्षा टोली नभए पनि नजिकै प्रहरी चौकी रहेकाले सुरक्षा व्यवस्थामा सहजता छ ।

आफर गाउँ बहुजातीय तथा समावेशी बस्तीका रूपमा परिचित छ । यहाँ दलित, खस आर्य, जनजाति तथा अन्य समुदायका परिवारहरु एकै स्थानमा बसोबास गर्दै आएका छन् । पछिल्ला वर्षहरूमा सामुदायिक पर्यटन र होमस्टे सञ्चालनमार्फत स्थानीय संस्कृति, परम्परागत जीवनशैली तथा ग्रामीण आतिथ्यलाई पर्यटनसँग जोड्ने प्रयास भइरहेको छ । आफर होमस्टे यसै सामुदायिक सहकार्यको उत्कृष्ट उदाहरण हो । विभिन्न जातजातिका परिवारको सहभागिता रहे पनि दलित समुदायको नेतृत्व र सक्रिय संलग्नता उल्लेखनीय छ । यसले सामाजिक समावेशिता, आर्थिक सशक्तीकरण तथा सामुदायिक एकताको सशक्त सन्देश प्रवाह गरेको छ । यहाँको मुख्य भाषा नेपाली हो । स्थानीय सांस्कृतिक पहिचानका रूपमा टप्पा र झ्याउरे नृत्य प्रस्तुत गरिन्छ । पाहुनाहरूले लोकल कुखुरा, ढिँडो, सिस्नो, आटो लगायतका अर्गानिक परिकारको स्वाद लिन सक्छन् । खानाको शुल्क प्रतिछाक न्यूनतम २०० रुपैयाँदेखि ४५० रुपैयाँसम्म निर्धारण गरिएको छ । एटेज कोठाको शुल्क १०० रुपैयाँ र नन-एटेज कोठाको शुल्क ८० रुपैयाँ रहेको छ । खाना र बाससहितको प्याकेज शुल्क प्रतिदिन ७५० रुपैयाँ तोकिएको छ । स्थानीय परिकारका अतिरिक्त सांस्कृतिक कार्यक्रम तथा गाइड सेवासमेत उपलब्ध गराइन्छ । आफर होमस्टेको प्रमुख आकर्षणमध्ये जर्बुटा डाँडा एक हो । होमस्टेबाट करिब ४ किलोमिटर उकालोमा अवस्थित यो स्थान हाइकिङका लागि प्रख्यात छ । यहाँबाट वीरेन्द्रनगर उपत्यकाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । अर्गानिक खानाको व्यवस्था, शीतल वातावरण तथा प्राकृतिक सौन्दर्यले यस क्षेत्रलाई थप आकर्षक बनाएको छ । यसका अतिरिक्त



झुप्राखोला, राताडाँडा, करेखोला गाउँ तथा त्यहाँको कृषि र ग्रामीण जनजीवनको अवलोकन पनि पर्यटकका लागि विशेष अनुभव बन्ने गरेको छ । हालसम्म यस होमस्टेमा करिब एक हजार आगन्तुकले भ्रमण गरिसकेका छन्, जसमध्ये करिब ३०० जना विदेशी पर्यटक रहेका छन् । हरियाली वातावरणले होमस्टेको सौन्दर्यलाई थप मनमोहक बनाएको छ । स्थानीयको सक्रियता र पर्यटकको बढ्दो आकर्षणलाई हेर्दा भविष्यमा यहाँ ६० घरसम्म होमस्टे विस्तार गर्न सकिने सम्भावना रहेको देखिन्छ ।




## सञ्चालकका समस्या, आवश्यकता र सुझाव

आफर सामुदायिक होमस्टेको थप विकास र विस्तारका लागि केही पूर्वाधार तथा व्यवस्थापकीय चुनौतीहरु रहेका छन् । होमस्टे क्षेत्रमा कालोपत्रे सडकको आवश्यकता छ । स्थानीय सीप तथा उद्यमशीलता विकासका लागि तालिम, अध्ययन अवलोकन भ्रमण तथा हस्तकलाका सामग्री निर्माणसम्बन्धी तालिम आवश्यक रहेको होमसटे सञ्चालक समितिको भनाई छ । होमस्टे प्यानमा मात्र दर्ता भएकाले भ्याट बिल जारी गर्न कठिनाइ भइरहेको छ । वडा कार्यालयबाट सञ्चालन हुने तालिम तथा विभिन्न कार्यक्रमहरु होमस्टेमै आयोजना गरिनुपर्ने सञ्चालकको सुझाव छ । सार्वजनिक यातायातका साधनको उपलब्धता कम हुनु पनि यहाँको अर्को प्रमुख चुनौतीका रूपमा रहेको छ ।

## ख. पातलगंगा थारू होमस्टे

| विवरण | जानकारी |
|---|---|
| ठेगाना | वीरेन्द्रनगर ९ |
| समुदाय विशेषता | थारू |
| प्रकृति | सामुदायिक |
| सञ्चालन समिति | पातलगंगा थारू सामुदायिक होमस्टे |
| व्यवस्थापक | डिलबहादुर चौधरी |
| सम्पर्क नं | ९८४८०४७९६३ |
| फेसबुक | Patalganga Tharu Homestay |
| परिकार/कला संस्कृति | विभिन्न थारू परिकार/थारू सांस्कृतिक प्रर्दशनी |
| होमस्टे संरचना/सुविधा | ६ घर, १२ कोठा, २४ बेड, एकैपटक बसाल्न सकिने पाहुना क्षमता ४८ |
| सडक पहुँच | कालोपत्रे |
| पहुँच माध्यम | निजी तथा सार्वजनिक सवारी साधन |
| मंगलगढीबाट दुरी | ६.३ किमी |
| बजार | रहरपुर चोक, नयाँगाउँ |
| सुविधा | प्रोगाम हल, गाडी पार्किङ, वाइफाई इन्टरनेट, तातो-चिसोपानी, विद्युत्, शौचालय |
| पर्यटकीय आर्कषण | कांक्रेविहार, देउतीबज्यै, निकास खोला, बुलबुले उद्यान, थारू बस्ती अवलोकन |




वीरेन्द्रनगर नगरपालिका-९ स्थित पातलगंगामा २०७७ सालदेखि पातलगंगा थारू होमस्टे सञ्चालनमा आएको हो । वडा कार्यालय तथा नगरपालिकामा दर्ता भएको यो सामुदायिक प्रकृतिको होमस्टे पातालगंगा थारू होमस्टे समितिमार्फत सञ्चालन हुँदै आएको छ । होमस्टेका मुख्य व्यवस्थापक डिलबहादुर चौधरी हुनुहुन्छ । सामाजिक सञ्जाल फेसबुकमार्फत पनि होमस्टेको प्रचारप्रसार हुँदै आएको छ । फेसबुकमा यसको ठेगाना PATALGANGA THARU



HOMESTAY रहेको छ । मुख्य सडक क्षेत्रबाट होमस्टेसम्म पुग्ने सडक कालोपत्रे भएकाले वर्षायाममा समेत सहज रूपमा आवतजावत गर्न सकिन्छ। रहरपुर चौक र दिपनगर बजार यसका नजिकका बजार क्षेत्र हुन् । निजी तथा सार्वजनिक दुवै प्रकारका यातायातका साधन प्रयोग गरी यहाँ पुग्न सकिन्छ । पातलगंगा क्षेत्रमा थारू र क्षेत्री समुदायको बसोबास भए पनि



होमस्टेमा आवद्ध परिवारहरु थारू समुदायका मात्र छन् । हाल ६ घर होमस्टेमा आवद्ध रहेका छन् । पाहुनाका लागि १२ वटा कोठामा २४ वटा बेडको व्यवस्था गरिएको छ । आवश्यकता अनुसार एकैपटक ४८ जनासम्मलाई बसोबास गराउन सकिने क्षमता रहेको छ । दैनिक ५० जनासम्मलाई भोजन गराउन सकिने प्रबन्ध मिलाइएको छ । होमस्टेमा कार्यक्रम हल, पर्याप्त शौचालय, तातो-चिसो पानी, वाइफाइ इन्टरनेट, विद्युत् तथा पार्किङ सुविधा उपलब्ध छन् । आफ्नै सुरक्षा टोली नभए पनि नजिकै प्रहरी चौकी रहेकाले सुरक्षा व्यवस्थामा सहजता रहेको छ । यहाँ बसोबासका लागि प्रति कोठा ५०० रूपैयाँ शुल्क निर्धारण गरिएको छ । खानाको शुल्क न्यूनतम २०० रूपैयाँदेखि ७०० रूपैयाँसम्म रहेको छ । पाहुनाहरूले स्थानीय थारू जातिका परम्परागत परिकार तथा अर्गानिक खानेकुराको स्वाद लिन सक्छन् । साथै सांस्कृतिक कार्यक्रम र गाइड सेवासमेत उपलब्ध गराइन्छ । पातलगंगा थारू होमस्टेको अर्को विशेषता यसको पर्यटकीय पहुँच र सांस्कृतिक वातावरण हो ।



नजिकै रहेका काँक्रेविहार, देउतीबज्यै, बुलबुले, निकासखोला तथा सत्यकाँडा लगायतका पर्यटकीय स्थलहरु यहाँका प्रमुख आकर्षण हुन् । कृषि प्रणाली, थारू संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको अवलोकन गर्न सकिने भएकाले आन्तरिक तथा बाह्य पर्यटकका लागि यो क्षेत्र विशेष गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । साथै नयाँगाउँ, कालीमाटी, घुस्रा र तिलपुर गाउँको भ्रमण गरी त्यहाँको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशको अध्ययन-अवलोकन गर्न सकिन्छ । होमस्टेमा वार्षिक करिब ५०० आगन्तुक आउने गरेका छन् । तीमध्ये तीन वटा विदेशी पर्यटक समूहले भ्रमण गरिसकेका छन् । होमस्टेमार्फत उद्यमशीलतामा ३९ जना महिलाहरु प्रत्यक्ष रूपमा जोडिएका छन् । स्थानीय सहभागिता र पर्यटकको बढ्दो आकर्षणलाई हेर्दा भविष्यमा होमस्टे विस्तारको पर्याप्त सम्भावना रहेको देखिन्छ ।

### सञ्चालकका सुझाव, आवश्यकता र चुनौती

पातलगंगा थारू होमस्टेका सञ्चालकहरूका अनुसार होमस्टेको दीगो विकास र स्तरोन्नतिका लागि केही महत्वपूर्ण आवश्यकता तथा चुनौतीहरु रहेका छन् । पर्यटकलाई आकर्षित गर्न सफारी गाडीको व्यवस्था, समुदायका सदस्यलाई जिल्ला बाहिर अध्ययन तथा अवलोकन भ्रमणको अवसर, थारू सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन तथा प्रकृति र संस्कृतिमा आधारित पर्यटन विकासलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । हाल सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि प्रयोग हुने कल्चरल घर टिनको छानाले ढाकिएको हुँदा गर्मीयाममा अत्यधिक तातिने समस्या रहेको छ । पर्यटकहरूले एटेज बाथरूमको माग बढाउँदै लगे पनि सबै घरमा एटेज बाथरूम निर्माण गर्न नसकिएको अवस्था छ । एटेज सुविधा अभाव हुँदा पर्यटकलाई सुरक्षा र सहजताको प्रत्याभूति दिन चुनौती हुने गरेको सञ्चालकहरूको भनाइ छ ।

त्यसैगरी रैथाने बालीको उत्पादन घट्दै जानु, होमस्टेका नाममा विभिन्न विकृति देखिनु तथा प्रभावकारी नियमन र अनुगमनको अभाव रहनु पनि प्रमुख समस्याका रूपमा रहेका छन् । होमस्टेले व्यवस्थापन गर्न सक्ने सरकारी तथा गैरसरकारी कार्यक्रमहरु होमस्टेमै सञ्चालन गर्नुपर्ने, शौचालय तथा बाथरूम निर्माणका लागि अनुदानको व्यवस्था गरिनुपर्ने तथा होमस्टे केन्द्रित कार्यक्रममार्फत स्थानीय पर्यटन प्रवर्द्धन गर्नुपर्ने सञ्चालकहरूको सुझाव छ ।

## ग. कर्णाली प्रदेश थारू होमस्टे

| विवरण | जानकारी |
|---|---|
| ठेगाना | वीरेन्द्रनगर नगरपालिका १० नयाँगाउँ |
| समुदाय विशेषता | थारू |
| प्रकृति | संयुक्त/सामूहिक |
| सञ्चालन समिति | कर्णाली प्रदेश थारू सामुदायिक होमस्टे |
| व्यवस्थापक | राजु चौधरी |
| सम्पर्क नं | ९८४८०३७९६६ |
| इमेल/फेसबुक | कर्णाली प्रदेश थारू होमस्टे |
| परिकार/कला संस्कृति | विभिन्न थारू परिकार/थारू सांस्कृतिक प्रर्दशनी |
| होमस्टे संरचना/सुविधा | ५ कोठा, ५ बेड, एकैपटक बसाल्न सकिने पाहुना क्षमता १० जना |
| सडक पहुँच | कालोपत्रे |
| पहुँच माध्यम | निजी तथा सार्वजनिक सवारी साधन |
| मंगलगढीबाट दुरी | ४ किमी |
| बजार | दीपनगर, एयरर्पोट चोक |
| सुविधा | प्रोगाम हल, गाडी पार्किङ, वाइफाई इन्टरनेट, तातो-चिसोपानी, विद्युत्, शौचालय |
| पर्यटकीय आर्कषण | कांक्रेविहार, देउतीबज्यै, निकास खोला, बुलबुले उद्यान, थारू बस्ती अवलोकन |





वीरेन्द्रनगर नगरपालिका-१० स्थित नयाँगाउँमा अवस्थित कर्णाली प्रदेश थारू होमस्टे कर्णाली प्रदेशको पहिलो होमस्टेका रूपमा परिचित छ । २०७५ सालमा पर्यटन मन्त्रालयअन्तर्गत घरेलु तथा उपभोक्ता हित संरक्षण कार्यालयमा दर्ता भई सञ्चालनमा आएको यो होमस्टे संयुक्त एवं साझेदारी मोडलमा सञ्चालित छ । सामाजिक सञ्जाल फेसबुकमा 'कर्णाली प्रदेश थारू होमस्टे' नामबाट यसको प्रचार-प्रसार हुँदै आएको छ । होमस्टेका सञ्चालक तथा व्यवस्थापक राजु चौधरी हुनुहुन्छ । पक्की सडक सञ्जालले जोडिएको यस होमस्टेमा पाहुनाको सुविधाका लागि कार्यक्रम हल तथा खाजा-नास्ताको व्यवस्था गरिएको ससना कटेज उपलब्ध छन् । नयाँगाउँ र दीपनगर यहाँका नजिकका बजार क्षेत्र हुन् । पाहुनाको मागअनुसार थारू समुदायका परम्परागत परिकार उपलब्ध गराइन्छन्, जसले यहाँको आतिथ्यलाई थप विशेष बनाएको छ । हाल होमस्टेमा ४ साना घर आवद्ध छन् । ती घरहरूमा पाहुनाका लागि ५ वटा कोठा छुट्याइएको छ, जहाँ ५ वटा बेडको व्यवस्था गरिएको छ । एकपटकमा १० जना पाहुनालाई बसोबास गराउन सकिने क्षमता रहेको छ भने दैनिक ४० जनासम्मलाई भोजन गराउन सकिन्छ । यहाँ २ वटा शौचालय, वाइफाइ इन्टरनेट, विद्युत् तथा पार्किङ सुविधाको व्यवस्था गरिएको छ ।




बसोबासका लागि प्रति कोठा ५०० रूपैयाँ शुल्क निर्धारण गरिएको छ । खानाको शुल्क न्यूनतम २०० रूपैयाँदेखि ४०० रूपैयाँसम्म रहेको छ भने परिकारको प्रकारअनुसार थप शुल्क निर्धारण गरिने व्यवस्था छ । होमस्टेमार्फत हाल ४ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । कर्णाली प्रदेश थारू होमस्टे सांस्कृतिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा विकास हुँदै गएको छ । नजिकै रहेका काँक्रेविहार र देउतीबज्यै प्रमुख पर्यटकीय आकर्षण हुन् । यी क्षेत्रहरूमा हाइकिङ, जंगल अवलोकन तथा जरायो लगायतका वन्यजन्तु अवलोकन गर्न सकिन्छ । साथै थारू समुदायको संस्कृति, रहनसहन, जीवनशैली तथा परम्परागत खानाका परिकारको अध्ययन र अवलोकनका लागि यो उपयुक्त स्थल मानिन्छ । वार्षिक रूपमा करिब १० हजार मानिस खाजा-नास्ता तथा बसोबासका लागि यहाँ आउने गरेको तथ्यांक छ । बढ्दो पर्यटक आगमन र स्थानीय सहभागिताका कारण भविष्यमा होमस्टे विस्तारको पर्याप्त सम्भावना रहेको देखिन्छ ।

## सञ्चालककका सुझाव, आवश्यकता र चुनौती

होमस्टेका सञ्चालकका अनुसार पर्यटन प्रवर्द्धन र होमस्टेको स्तरोन्नतिका लागि पूर्वाधार विकास तथा विभिन्न क्षमता अभिवृद्धि तालिमको आवश्यकता रहेको छ । नयाँ होमस्टे स्थापना तथा विस्तारका लागि थारू समुदायसँग सहकार्य गर्न सकिने बस्तीहरु पनि यस क्षेत्रमा रहेको बताइन्छ । खानेपानी तथा फोहोरमैला व्यवस्थापनमा हाल कुनै उल्लेख्य समस्या नरहे पनि प्राथमिक उपचारको व्यवस्था, सुरक्षा प्रबन्ध तथा अग्नि नियन्त्रणका उपकरणको अभाव रहेको छ ।

## घ. कर्णाली प्रदेश राजी होमस्टे

| विवरण | जानकारी |
|---|---|
| ठेगाना | वीरेन्द्रनगर १० कांक्रेविहार टोल |
| समुदाय विशेषता | खस आर्य, थारू, जनजाति |
| प्रकृति | निजी |
| सञ्चालन समिति | एकल |
| व्यवस्थापक | शर्मिला राजी |
| सम्पर्क नं | ९८२९६२६२२५ |
| इमेल/फेसबुक | कर्णाली प्रदेश राजी होमस्टे |
| परिकार/कला संस्कृति | अर्गानिक रैथाने परिकार |
| होमस्टे संरचना/सुविधा | ३ कोठा, ३ बेड, एकैपटक बसाल्न सकिने पाहुना क्षमता ६ जना |
| सडक पहुँच | कालोपत्रे |
| पहुँच माध्यम | निजी तथा सार्वजनिक सवारी साधन |
| मंगलगढीबाट दुरी | २.८ किमी |
| बजार | दीपनगर, एयरपोर्ट चोक |
| सुविधा | गाडी पार्किङ, वाइफाई इन्टरनेट, तातो-चिसोपानी, विद्युत्, शौचालय |
| पर्यटकीय आर्कषण | कांक्रेविहार, देउतीबज्यै, बुलबुले उद्यान, थारू बस्ती अवलोकन |






वीरेन्द्रनगर नगरपालिका-१०, कांक्रेविहार टोलमा नयाँगाउँ जाने सडकको दायाँतर्फ अवस्थित कर्णाली प्रदेश राजी होमस्टे २०७८ कात्तिक ११ गते घरेलु तथा उपभोक्ता हित संरक्षण कार्यालयमा दर्ता भई सञ्चालनमा आएको हो । यो होमस्टे वडा कार्यालयमा समेत दर्ता रहेको निजी प्रकृतिको होमस्टे हो । यसको सञ्चालन शर्मिला राजीले गर्दै आउनुभएको छ । सहज पहुँचका दृष्टिले होमस्टे पक्की सडक सञ्जालसँग जोडिएको छ । तिनकुने चोक तथा दीपनगर बजार नजिकै रहेको यस होमस्टे मंगलगढी चोकबाट पनि सहज पहुँचमा छ । यहाँ पाहुनाका लागि माछा, हाँस, लोकल कुखुरा तथा खसीको मासुका विभिन्न परिकार उपलब्ध छन् । हाल होमस्टेमा दुई घरमार्फत पाहुनाको सेवा प्रदान गरिँदै आएको छ । यहाँ



तीनवटा बेडमार्फत एकैपटक ६ जनासम्मलाई बास बसाल्न सकिने व्यवस्था रहेको छ भने दैनिक ८० जनासम्मलाई भोजन गराउन सक्ने क्षमता रहेको छ । पाहुनाका लागि तातो-चिसो पानी, पार्किङ, विद्युत् तथा वाइफाई इन्टरनेटजस्ता आधारभूत सुविधाको व्यवस्था गरिएको छ। सञ्चालकसहित तीन जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । सेवा शुल्कतर्फ बासका लागि प्रति कोठा रू. ५०० निर्धारण गरिएको छ । खानाको न्यूनतम मूल्य रू. २०० रहेको छ भने चिकेन खाना रू. ३५० सम्म उपलब्ध छ । अन्य परिकारको मूल्य परिकारको प्रकृति अनुसार निर्धारण गरिन्छ । विशेषगरी माछा र हाँसका परिकार यहाँका आकर्षक खानामध्ये पर्दछन् । पर्यटनको दृष्टिले पनि यो होमस्टे महत्वपूर्ण स्थानमा अवस्थित छ । नजिकै रहेका कांक्रेविहार, बुलबुले तथा देउती बज्यै मन्दिर अवलोकन गर्न सकिन्छ । सुर्खेत विमानस्थल नजिकै रहेको यस क्षेत्रबाट सुर्खेत-नेपालगञ्ज सडकमार्फत आवतजावत सहज छ । वरपरको जंगल क्षेत्रमा हाइकिङ गर्न सकिने तथा थारू समुदायका गाउँहरूको अवलोकन गर्न सकिने भएकाले पर्यटकलाई थप आकर्षित गर्ने सम्भावना रहेको छ ।

## सञ्चालकका सुझाव, आवश्यकता र चुनौती

राजी होमस्टे नाम रहेपनि यहाँ राजी समुदायको परम्परागत रहनसहन, खानपान तथा जातीय विशेषताको प्रत्यक्ष अनुभव गराउन सकिने अवस्था छैन । राजी समुदायका परम्परागत परिकार, जस्तै गिठा र तरूल, सहज रूपमा उपलब्ध नहुने तथा राजी सांस्कृतिक समूहसमेत सहजै प्राप्त गर्न कठिन हुने समस्या रहेको छ । त्यसैले स्थानीय मौलिकता भन्दा बजारको मागअनुसारका परिकार तयार गरी व्यावसायिक रूपमा होमस्टे सञ्चालन गर्नुपर्ने बाध्यता रहेको छ । होमस्टेमा कार्यक्रम सञ्चालन गर्न मिल्ने हलको अभाव छ भने विस्तार गर्न सकिने पर्याप्त जग्गा वा स्थान पनि छैन । प्राथमिक उपचार तथा सुरक्षा व्यवस्थापनको अभाव अर्को चुनौतीका रूपमा रहेको छ । साथै, लज व्यवस्थापनमा समेत विभिन्न जटिलता देखिएका छन् । पर्यटन मन्त्रालयबाट रू. ८ लाख अनुदान प्राप्त गरी होमस्टे सञ्चालन गरिएपनि व्यवस्थापन पक्ष कमजोर रहेको र होमस्टे सञ्चालनसम्बन्धी कार्यविधिको पूर्ण पालना हुन नसकेको अवस्था देखिन्छ । सञ्चालकका अनुसार राजी समुदायको मौलिक संस्कृति, परिकार तथा सांस्कृतिक प्रस्तुति संरक्षण र प्रवर्द्धनका लागि विशेष सहयोग, क्षमता विकास तथा संस्थागत सहकार्य आवश्यक छ ।

## ङ. कोलडाँडा थारू होमस्टे

| विवरण | जानकारी |
|---|---|
| ठेगाना | वीरेन्द्रनगर नगरपालिका २ कोलडाँडा |
| समुदाय विशेषता | थारू |
| प्रकृति | निजी |
| सञ्चालन समिति | एकल |
| व्यवस्थापक | पूर्णबहादुर चौधरी |
| सम्पर्क नं | ९८५८०४६६९५ |
| इमेल/फेसबुक | कोलडाँडा थारू होमस्टे |
| परिकार/कला संस्कृति | विभिन्न थारू परिकार/थारू सांस्कृतिक प्रर्दशनी |
| होमस्टे संरचना/सुविधा | ६ कोठा, १० बेड, एकैपटक बसाल्न सकिने पाहुना क्षमता २४ जना |
| सडक पहुँच | कालोपत्रे, ग्राभेल १०० मिटर |
| पहुँच माध्यम | निजी तथा सार्वजनिक सवारी साधन |
| मंगलगढीबाट दुरी | ४.४ किमी |
| बजार | कोलडाँडा, बांगेसिमल |
| सुविधा | प्रोगाम हल, गाडी पार्किङ, वाइफाई इन्टरनेट, तातो-चिसोपानी, विद्युत्, शौचालय |
| पर्यटकीय आर्कषण | फनपार्क, उत्तरगंगा, थारू बस्ती अवलोकन |



वीरेन्द्रनगर नगरपालिका-२, कोलडाँडामा अवस्थित कोलडाँडा थारू होमस्टे निजी प्रकृतिको होमस्टे हो । यो होमस्टे २०७७ पौष ६ गते घरेलु तथा उपभोक्ता हित संरक्षण कार्यालयमा दर्ता भई २०७८ सालदेखि औपचारिक रूपमा सञ्चालनमा आएको हो । यसको सञ्चालन पूर्णबहादुर चौधरीले गर्दै आउनुभएको छ । मुलपानी चोक तथा अन्य वैकल्पिक मार्गबाट पुग्न सकिने यस होमस्टेसम्म करिब १०० मिटर ग्राभेल तथा कच्ची सडक



रहेको छ । नजिकै कोलडाँडा बजार रहेकाले आवश्यक सेवा-सुविधामा सहज पहुँच छ । वर्षायाममा समेत यहाँ सहज रूपमा पुग्न सकिन्छ । थारू समुदायको मौलिक जीवनशैली, रहनसहन, खानपान, कला, संस्कृति तथा हस्तकलाको अवलोकन गर्न सकिने भएकाले यो होमस्टे सांस्कृतिक पर्यटनका दृष्टिले महत्वपूर्ण गन्तव्य बनेको छ । यहाँ ढिकुरी, घिंगी, माछा तथा लोकल कुखुराका परिकार विशेष रूपमा उपलब्ध छन् । साथै पार्क, फनपार्क, उद्यान तथा तालमा बोटिङको सुविधा समेत रहेको छ, जसले पर्यटकलाई थप मनोरञ्जनको अवसर प्रदान




गर्दछ । हाल होमस्टेमा सात वटा घर आवद्ध छन् । ती घरमध्ये पाहुनाका लागि छुट्याइएका ६ वटा कोठामा १० वटा बेडको व्यवस्था गरिएको छ । एकैपटक २४ जनासम्मलाई बास बसाल्न सकिने क्षमता रहेको छ भने दैनिक करिब ७ सय जनासम्मलाई भोजन गराउन सकिने व्यवस्था छ । यहाँ तीन वटा एट्याच शौचालय रहेका छन् । होमस्टे सञ्चालनबाट सात जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् । सेवासुविधाका दृष्टिले यहाँ कार्यक्रम सञ्चालनका लागि हल, पार्किङ, तातो-चिसो पानी, वाइफाई इन्टरनेट तथा सौर्य ऊर्जाको सुविधा उपलब्ध छ । बासका लागि प्रति कोठा रू. ७०० शुल्क निर्धारण गरिएको छ भने खानाको मूल्य न्यूनतम रू. १८० देखि रू. ४०० सम्म कायम गरिएको छ । स्थानीय परिकारको प्रकृति अनुसार खानाको मूल्य निर्धारण गरिन्छ । थारू समुदायको सांस्कृतिक प्रस्तुति अवलोकन गर्न चाहने पर्यटकका लागि विशेष व्यवस्था गरिएको छ । साथै हाइकिङ तथा पैदलमार्ग भ्रमण गर्न आगन्तुकका लागि गाइड सेवा समेत उपलब्ध छ । नजिकै रहेको उत्तरगंगा मन्दिर तथा कोलडाँडा थारू गाउँ

यस क्षेत्रका प्रमुख आकर्षण हुन् । यहाँ थारू समुदायको परम्परागत रहनसहन, कृषि प्रणाली तथा सामाजिक जीवनको प्रत्यक्ष अवलोकन गर्न सकिन्छ । वार्षिक रूपमा ५०० भन्दा बढी पाहुना बास बस्ने गरी यहाँ आउने गरेका छन् ।

## सञ्चालकका सुझाव, आवश्यकता र चुनौती

कोलडाँडा थारू होमस्टेमा हाल होमस्टे विस्तारको पर्याप्त सम्भावना छैन । पर्यटन पूर्वाधारको थप विकास, क्षमता अभिवृद्धि सम्बन्धी तालिम तथा प्रभावकारी प्रवर्द्धन कार्यक्रमको आवश्यकता रहेको छ । होमस्टेसम्म पुग्ने सडकको केही भाग अझै कच्ची रहेकाले यातायात व्यवस्थापनमा चुनौती देखिन्छ । साथै विद्युत्को थ्री-फेज लाइन जडान नभएकाले लो-भोल्टेजको समस्या रहँदै आएको छ, जसले सेवा प्रवाहमा असर पुऱ्याउने गरेको छ ।थारू समुदायको मौलिक सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धनका लागि थारू सांस्कृतिक नृत्य तथा प्रस्तुति कार्यक्रमलाई संस्थागत रूपमा विकास गर्न आवश्यक रहेको सुझाव छ । यसका लागि नगरपालिकाले विशेष बजेट विनियोजन गरी सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार विकास तथा पर्यटन प्रवर्द्धनमा सहयोग गर्नुपर्ने आवश्यकता औंल्याइएको छ ।

## च. गुरूङ सामुदायिक होमस्टे

| विवरण | जानकारी |
|---|---|
| ठेगाना | वीरेन्द्रनगर नगरपालिका वडा नं १ |
| समुदाय विशेषता | गुरूङ |
| प्रकृति | सामुदायिक |
| सञ्चालन समिति | गुरूङ सामुदायिक होमस्टे व्यवस्थापन समिति |
| व्यवस्थापक | गणेश गुरूङ |
| सम्पर्क नं | ९८६८९७८३३७ |
| इमेल/फेसबुक | गुरूङ सामुदायिक होमस्टे |
| परिकार/कला संस्कृति | गुरूङ जातिका परिकारहरू, अर्गानिक खाना /गुरूङ सांस्कृतिक प्रर्दशनी |
| होमस्टे संरचना/सुविधा | ७ घर, ९ कोठा, १८ बेड, एकैपटक बसाल्न सकिने पाहुना क्षमता ४० जना |
| सडक पहुँच | कालोपत्रे, ५० मिटर ग्राभेल |
| पहुँच माध्यम | निजी तथा सार्वजनिक सवारी साधन |
| मंगलगढीबाट दुरी | ३.३ किमी |
| बजार | देउती थान चोक |
| सुविधा | प्रोगाम हल, गाडी पार्किङ, वाइफाई इन्टरनेट, तातो-चिसोपानी, विद्युत्, शौचालय |
| पर्यटकीय आर्कषण | गुम्बा, देउतीथान मन्दिर, रेडियो नेपाल उद्यान, सहिद पार्क, बयलकाँडा पदमार्ग |

वीरेन्द्रनगर नगरपालिका-१, देउतीथान टोलमा अवस्थित गुरूङ सामुदायिक होमस्टे २०७७ सालदेखि सञ्चालनमा आएको हो । उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयमा २०७६ फागुन १३ गते विधिवत् दर्ता भई सञ्चालनमा आएको यो होमस्टे गुरूङ सामुदायिक होमस्टे व्यवस्थापन समितिमार्फत सञ्चालित छ । यसको व्यवस्थापक गणेश गुरूङ हुनुहुन्छ । मंगलगढी चोकबाट पक्की सडक हुँदै देउतीथानसम्म पुग्न सकिन्छ भने मुख्य सडकबाट करिब ५० मिटर ग्राभेल बाटो प्रयोग गरी




होमस्टेमा पुग्न सकिन्छ । वर्षायाममा समेत सहज यातायात पहुँच रहेको यस स्थान नजिकै देउतीस्थान चोकमा बजार सुविधा उपलब्ध छ । गुरूङ समुदायको भाषा, संस्कृति, रहनसहन तथा जातीय विशेषताको प्रत्यक्ष अनुभव गर्न सकिने यो होमस्टे सांस्कृतिक पर्यटनका दृष्टिले महत्वपूर्ण गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । यहाँ गुरूङ समुदायका परम्परागत सांस्कृतिक प्रस्तुति सोरठी, कौरा र झ्याउरे नृत्यका झलक अवलोकन गर्न सकिन्छ । खानपानका दृष्टिले सेलरोटी, कोदोको सेलरोटी, ढिँडो, आटो, सिस्नो तथा लोकल कुखुराका





परिकार उपलब्ध छन् । साथै गुरूङ समुदायको परम्परागत हस्तकलाका सामग्रीहरु समेत आकर्षक रूपमा सजाइएको छ । होमस्टे परिसरमा वीरेन्द्रनगरका प्रमुख पर्यटकीय गन्तव्य तथा गुरूङ समुदायको पहिचानसँग सम्बन्धित नामहरु दिएर कटेज निर्माण गरिएको छ, जसले आगन्तुकलाई स्थानीय संस्कृति र पर्यटनको अनुभूति एकैसाथ गराउँछ । हाल होमस्टेमा सात घर आबद्ध छन् । पाहुनाका लागि नौ वटा कोठामा १८ वटा बेडको व्यवस्था गरिएको छ र एकैपटक ४० जनासम्मलाई बास बसाल्न सकिने क्षमता रहेको छ । दैनिक ४० जनासम्मलाई भोजन गराउन सक्ने व्यवस्थापन गरिएको छ । होमस्टे सञ्चालनबाट दुई जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् ।

सेवासुविधाका दृष्टिले यहाँ कार्यक्रम सञ्चालन गर्न मिल्ने हल, सामूहिक रूपमा सुत्न सकिने ठूलो हल, पार्किङ, शौचालय, तातो-चिसो पानी तथा विद्युत् सुविधा उपलब्ध छ । बासका लागि प्रति कोठा रू. ५०० शुल्क निर्धारण गरिएको छ भने खानाको न्यूनतम मूल्य रू. २०० बाट सुरू हुने र परिकारको प्रकार अनुसार मूल्य निर्धारण गरिने व्यवस्था छ । हाइकिङ तथा पदयात्रामा जाने पर्यटकका लागि गाइड सेवा समेत उपलब्ध गराइन्छ । होमस्टे वरपर रहेका गुम्बा, रेडियो नेपालको मनमोहक दृश्यावलोकन स्थल, सहिद पार्क तथा बयलकाँडा गढी हाइकिङका लागि प्रख्यात गन्तव्य मानिन्छन् । यी स्थलहरूले होमस्टेलाई प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटनको संगमस्थलका रूपमा परिचित गराएका छन् । वार्षिक रूपमा करिब ४० जना आगन्तुक यहाँ बास बस्न आउने तथ्यांक रहेको छ ।

### सञ्चालकका सुझाव, आवश्यकता र चुनौती

गुरूङ सामुदायिक होमस्टेमा विस्तारको पर्याप्त सम्भावना रहेको भएपनि त्यसका लागि समुदायको थप सहभागिता आवश्यक रहेको देखिन्छ । समुदायका थप घरधुरीलाई होमस्टेमा आबद्ध गराउने, नयाँ होमस्टे सञ्चालनको सम्भाव्यता अध्ययन गर्ने तथा होमस्टे विस्तारका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता छ । सञ्चालकका अनुसार अवलोकन भ्रमण, अनुभव आदानप्रदान तथा क्षमता अभिवृद्धिका कार्यक्रमले समुदायलाई थप उत्साहित बनाउन सक्छ । त्यसका लागि सम्बन्धित निकायबाट विशेष बजेट तथा कार्यक्रम आवश्यक रहेको छ । हाल आगन्तुकहरूले होमस्टेमा पनि होटलसरह एट्याच बाथरूम तथा आधुनिक सुविधा खोज्ने प्रवृत्ति बढ्दै गएकाले व्यवस्थापनमा चुनौती सिर्जना भएको छ । यसले सामुदायिक होमस्टेको मौलिक स्वरूप र पर्यटकको अपेक्षाबीच सन्तुलन कायम गर्न कठिनाइ उत्पन्न गरेको छ । साथै होमस्टेसम्म पुग्ने सडक स्तरोन्नति गरी कालोपत्रे गर्नुपर्ने आवश्यकता रहेको छ । वडास्तरबाट अवलोकन भ्रमण, होमस्टे प्रवर्द्धन तथा विस्तारका लागि आवश्यक बजेट विनियोजन गरिनुपर्ने सुझाव सञ्चालकले व्यक्त गर्नुभएको छ । यस्ता कार्यक्रमले गुरूङ समुदायको संस्कृति संरक्षणसँगै पर्यटन प्रवर्द्धन र स्थानीय आयआर्जनमा समेत सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## छ.) थारू अर्गानिक सामुदायिक होमस्टे

| विवरण | जानकारी |
|---|---|
| ठेगाना | वीरेन्द्रनगर ९ तिलपुर |
| समुदाय विशेषता | थारू |
| प्रकृति | सामुदायिक |
| सञ्चालन समिति | थारू अर्गानिक सामुदायिक होमस्टे |
| व्यवस्थापक | अम्मरबहादुर चौधरी |
| सम्पर्क नं | ९८४८१४६०४७ |
| फेसबुक | |
| परिकार/कला संस्कृति | विभिन्न थारू परिकार/थारू सांस्कृतिक प्रदर्शनी |
| होमस्टे संरचना/सुविधा | १० घर, १० कोठा, २० बेड, एकैपटक बसाल्न सकिने पाहुना क्षमता ३० |
| सडक पहुँच | कालोपत्रे |
| पहुँच माध्यम | निजी तथा सार्वजनिक सवारी साधन |
| मंगलगढीबाट दुरी | ३.९ किमी |
| बजार | तिलपुर, लाटीकोइली |
| सुविधा | प्रोगाम हल, गाडी पार्किङ, वाइफाई इन्टरनेट, विद्युत्, शौचालय |
| पर्यटकीय आर्कषण | कांक्रेविहार, शिव मन्दिर, निकास खोला, थारू बस्ती अवलोकन |

वीरेन्द्रनगर नगरपालिका-९ स्थित तिलपुरमा २०७८ सालदेखि थारू अर्गानिक सामुदायिक होमस्टे सञ्चालनमा आएको हो । वडा कार्यालय, घरेलु तथा उपभोक्ता हित संरक्षण कार्यालयमा दर्ता भएको यो सामुदायिक प्रकृतिको होमस्टे थारू अर्गानिक




सामुदायिक होमस्टे समितिमार्फत सञ्चालन हुँदै आएको छ । होमस्टेका मुख्य व्यवस्थापक अम्मरबहादुर चौधरी हुनुहुन्छ । तिलपुर पर्सेनी मुख्य सडक क्षेत्रबाट होमस्टेसम्म पुग्ने सडक कालोपत्रे भएकाले वर्षायाममा समेत सहज रूपमा आवतजावत गर्न सकिन्छ । तिलपुर र लाटीकोइली यसका नजिकका बजार क्षेत्र हुन् । निजी तथा सार्वजनिक दुवै प्रकारका यातायातका साधन प्रयोग गरी यहाँ पुग्न सकिन्छ । तिलपुरमा थारू बाहुल्य बस्ती छ । हाल १० घर होमस्टेमा आवद्ध रहेका छन् । पाहुनाका लागि १० वटा कोठामा २० वटा बेडको व्यवस्था गरिएको छ । आवश्यकता अनुसार एकैपटक ३० जनासम्मलाई बसोबास गराउन सकिने क्षमता रहेको छ ।



प्रति कोठामा कम्तीमा ३ जना अट्ने गरी बेड व्यवस्थापन गरिएको छ । दैनिक ६० जनासम्मलाई भोजन गराउन सकिने प्रबन्ध मिलाइएको छ । होमस्टेमा कार्यक्रम हल, शौचालय, वाइफाइ इन्टरनेट, विद्युत् तथा पार्किङ सुविधा उपलब्ध छन् । आफ्नै सुरक्षा टोली नभए पनि लाटीकोइली प्रहरी चौकी नजिकै रहेकाले सुरक्षा व्यवस्थामा सहजता छ । यहाँ बसोबासका लागि प्रति कोठा ७०० रूपैयाँ शुल्क निर्धारण गरिएको छ । खानाको शुल्क न्यूनतम २०० रूपैयाँदेखि ३५० रूपैयाँसम्म रहेको छ । पाहुनाहरूले स्थानीय थारू जातिका परम्परागत परिकार तथा अर्गानिक खानेकुराको स्वाद लिन सक्छन् । थारू अर्गानिक सामुदायिक होमस्टेको अर्को



विशेषता यसको पर्यटकीय पहुँच र सांस्कृतिक वातावरण हो । नजिकै रहेका काँक्रेविहार, ऐतिहासिक शिव मन्दिर, निकासखोला तथा सत्यकाँडा लगायतका पर्यटकीय स्थलहरु यहाँका प्रमुख आकर्षण हुन् । कृषि प्रणाली, थारू संस्कृति, धार्मिक तथा ऐतिहासिक सम्पदाको अवलोकन गर्न सकिने भएकाले आन्तरिक तथा बाह्य पर्यटकका लागि यो क्षेत्र विशेष गन्तव्यका रूपमा विकसित हुँदै गएको छ । साथै कालीमाटी, पर्सेनी, तिलपुर, दौलतपुरका थारू गाउँको भ्रमण गरी त्यहाँको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवेशको अध्ययन–अवलोकन गर्न सकिन्छ । होमस्टेमार्फत उद्यमशीलतामा प्रत्यक्ष रूपमा स्थानीय महिलाहरू जोडिएका छन् । थारू बाहुल्य बस्ती रहेकाले स्थानीय सहभागिता र पर्यटकको बढ्दो आकर्षणलाई हेर्दा भविष्यमा होमस्टे विस्तारको पर्याप्त सम्भावना रहेको देखिन्छ । त्यस्तै ताजा तरकारी उत्पादनको राम्रो क्षेत्र भएकाले यस होमस्टेमा पाक्ने परिकार सबै स्थानीय उत्पादन हुन् । र ती सबै अर्गानिक हुन् ।

## सञ्चालकका सुझाव, आवश्यकता र चुनौती

थारू अर्गानिक सामुदायिक होमस्टेमा सडक विद्युत र खानेपानीको पहुँच पुगेपनि प्रचारप्रसारको कमीका कारण आगन्तुकका पखाईमा छ । पर्यटकलाई आकर्षित गर्न थारू हस्तकलाका सामग्री, सांस्कृतिक टिम उत्पादन, अतिथि सत्कार तालिम, प्रर्वद्धन लगायतका कार्यक्रमको खाँचो रहेको छ । यसका लागि समुदायका सदस्यलाई जिल्ला बाहिर अध्ययन तथा अवलोकन भ्रमणको अवसर, थारू सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन तथा प्रकृति र संस्कृतिमा आधारित पर्यटन विकासलाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ । आगन्तुकलाई बस्ने मौलिक घर नहुँदा सिमेन्टको पक्की घरमा बसाल्नुपरेको



छ । जसले गर्दा पाहुनाहरूले होमस्टेको फिलिङ्स आउन नसकेको, होटलकै जस्तो घर भएको प्रतिक्रिया दिने गरेका छन् । नगरपालिकाले मौलिक घर निर्माणमा अनुदान उपलब्ध गराउनुपर्ने सञ्चालकहरूको माग छ । होमस्टेले व्यवस्थापन गर्न सक्ने सरकारी तथा गैरसरकारी कार्यक्रमहरु होमस्टेमै सञ्चालन गर्नुपर्ने, होमस्टे केन्द्रित कार्यक्रममार्फत स्थानीय पर्यटन प्रवर्द्धन गर्नुपर्ने सञ्चालकहरूको सुझाव छ ।

## भाग ४. विश्लेषण तथा निष्कर्ष

### ४.१ वीरेन्द्रनगरमा होमस्टे पर्यटनको अवस्था

कर्णाली प्रदेशको प्रवेशद्वारका रूपमा परिचित वीरेन्द्रनगर नगरपालिका पछिल्लो समय होमस्टे पर्यटनको महत्वपूर्ण केन्द्रका रूपमा विकसित हुँदै गएको छ । प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न यस नगरमा समुदायमा आधारित पर्यटनको अवधारणा विस्तार भएसँगै विभिन्न स्थानमा सामुदायिक तथा निजी होमस्टे सञ्चालनमा आएका छन् । स्थानीय संस्कृति, मौलिक जीवनशैली, परम्परागत खानपान तथा प्राकृतिक वातावरणलाई पर्यटनसँग जोड्ने माध्यमका



रूपमा होमस्टे पर्यटनले यहाँ विशेष महत्व प्राप्त गरेको छ । हाल वीरेन्द्रनगर नगरपालिकाभित्र आफर सामुदायिक होमस्टे, पातलगंगा सामुदायिक होमस्टे, कर्णाली प्रदेश थारू होमस्टे, कर्णाली प्रदेश राजी होमस्टे, कोलडाँडा होमस्टे तथा गुरूङ सामुदायिक होमस्टे सञ्चालनमा रहेका छन् । यी होमस्टेहरूले स्थानीय समुदायको संस्कृति, परम्परा तथा जीवनशैलीलाई पर्यटकसमक्ष प्रस्तुत गर्दै ग्रामीण पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । वीरेन्द्रनगरका होमस्टेहरूको सबैभन्दा ठूलो विशेषता यहाँको जातीय तथा सांस्कृतिक विविधता हो । थारू, राजी, गुरूङ, मगर लगायतका समुदायको मौलिक संस्कृति, भाषा, परम्परागत पहिरन, खानपान, कला तथा सांगीतिक परम्परालाई होमस्टेमार्फत संरक्षण र प्रवर्द्धन गर्ने प्रयास भइरहेको छ । विशेषगरी थारू र राजी समुदायमा आधारित होमस्टेहरूले लोपोन्मुख सांस्कृतिक सम्पदालाई पर्यटनसँग जोडेर संरक्षण गर्ने अवसर सिर्जना गरेका छन् ।

वीरेन्द्रनगरमा आउने पर्यटकहरु काँक्रेविहार, बुलबुले ताल, घण्टाघर, देउती बज्यै मन्दिर, लाटीकोइली शिव मन्दिर, गोठीकाँडा, बयलकाँडा, उत्तरगंगा मन्दिर, सहिद पार्क, निकासखोला, सक्तकाँडा, जुर्बटा डाँडा लगायतका पर्यटकीय स्थलको भ्रमणसँगै होमस्टेमा बसोबास गर्न आकर्षित हुने गरेका छन् । यसले पर्यटकको बसाइ अवधि बढाउनुका साथै स्थानीय अर्थतन्त्रमा प्रत्यक्ष योगदान पुऱ्याइरहेको छ । होमस्टे पर्यटनले स्थानीय समुदायको आयआर्जन वृद्धि, महिला सशक्तीकरण तथा ग्रामीण रोजगारी सिर्जनामा सकारात्मक प्रभाव पारेको छ । होमस्टे व्यवस्थापन, भोजन सेवा, सांस्कृतिक कार्यक्रम सञ्चालन, स्थानीय उत्पादन बिक्री तथा पर्यटक मार्गदर्शन जस्ता गतिविधिमा स्थानीय समुदायको सक्रिय सहभागिता बढेको छ । विशेषगरी महिलाहरु होमस्टे व्यवस्थापनको अग्रपंक्तिमा देखिएका छन् । यद्यपि होमस्टे पर्यटनको विकास अपेक्षाअनुसार हुन सकेको छैन । पर्याप्त प्रचारप्रसारको अभाव, पर्यटक आगमनसम्बन्धी व्यवस्थित तथ्यांकको कमी, गुणस्तरीय पूर्वाधार अभाव, क्षमता विकाससम्बन्धी तालिमको आवश्यकता तथा पर्यटकीय प्याकेजको अभावजस्ता चुनौतीहरु विद्यमान छन् । कतिपय होमस्टेहरूमा सेवा तथा व्यवस्थापनको स्तरमा एकरूपता कायम गर्नुपर्ने आवश्यकता पनि देखिन्छ । वीरेन्द्रनगर नगरपालिकाले होमस्टेलाई स्थानीय पर्यटन विकासको प्रमुख आधारका रूपमा अघि बढाउन थालेको छ ।

स्थानीय संस्कृति, प्राकृतिक सम्पदा तथा समुदायमा आधारित जीवनशैलीलाई पर्यटनसँग जोड्ने नीति तथा कार्यक्रमले आगामी दिनमा होमस्टे पर्यटन विस्तार हुने सम्भावना बलियो देखिन्छ । विशेषगरी काँक्रेविहार-बुलबुले-देउती बज्यै-गोठीकाँडा-होमस्टे सर्किट निर्माण, सांस्कृतिक पर्यटन प्रवर्द्धन, स्थानीय परिकारको ब्रान्डिङ तथा डिजिटल प्रचारप्रसारलाई प्रभावकारी बनाउन सके वीरेन्द्रनगर कर्णाली प्रदेशकै नमुना होमस्टे गन्तव्यका रूपमा स्थापित हुन सक्ने सम्भावना रहेको छ । समग्रमा, वीरेन्द्रनगरमा होमस्टे पर्यटन विकासको प्रारम्भिक चरण पार गर्दै विस्तारको क्रममा रहेको अवस्था देखिन्छ ।



स्थानीय समुदायको सहभागिता, सांस्कृतिक विविधता, पर्यटकीय आकर्षण र सरकारी प्राथमिकताको उचित समन्वय गर्न सके होमस्टे पर्यटनले नगरको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ ।

## ४.२ होमस्टे : अवसर र सम्भावना

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको प्रवेशद्वार, प्रदेश राजधानी तथा पर्यटन, व्यापार र सेवाको प्रमुख केन्द्रका रूपमा स्थापित छ । प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न यस नगरमा समुदायमा आधारित पर्यटन विकासका लागि पर्याप्त आधारहरु उपलब्ध छन् । पछिल्लो समय सञ्चालनमा आएका विभिन्न सामुदायिक तथा निजी होमस्टेहरूले स्थानीय पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याइरहेका छन् । यद्यपि होमस्टे पर्यटनको विकाससँगै अवसर र सम्भावनाका साथै केही चुनौतीहरु पनि देखिएका छन् । वीरेन्द्रनगरमा होमस्टे पर्यटन विकासका लागि बलियो आधार र पर्याप्त सम्भावना रहेको छ । सांस्कृतिक विविधता, पर्यटकीय आकर्षण, सहज पहुँच तथा प्रदेश राजधानीको विशेषताले होमस्टे पर्यटनलाई थप विस्तार गर्ने अवसर प्रदान गरेका छन् ।

यद्यपि गुणस्तरीय सेवा, प्रभावकारी प्रचारप्रसार, पूर्वाधार विकास तथा पर्यटन प्याकेज निर्माणजस्ता चुनौतीहरूको समाधान आवश्यक छ । स्थानीय समुदाय, नगरपालिका, पर्यटन व्यवसायी तथा सरोकारवाला निकायबीच समन्वयात्मक प्रयास गर्न सके वीरेन्द्रनगर होमस्टे पर्यटनको माध्यमबाट आर्थिक समृद्धि, सांस्कृतिक संरक्षण तथा दिगो पर्यटन विकासको नमुना नगरका रूपमा स्थापित हुन सक्ने प्रबल सम्भावना रहेको छ । सांस्कृतिक, प्राकृतिक तथा सामुदायिक विविधताले भरिपूर्ण वीरेन्द्रनगरमा होमस्टे पर्यटनको भविष्य निकै सम्भावनायुक्त देखिन्छ । थारू, राजी, गुरूङ लगायतका समुदायका मौलिक संस्कृति, परम्परा, स्थानीय खानपान, देउडा संस्कृति तथा पर्वहरूलाई पर्यटनसँग प्रभावकारी रूपमा जोड्न सके वीरेन्द्रनगर सांस्कृतिक पर्यटनको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुन सक्छ । त्यसैगरी काँक्रेविहार, बुलबुले, देउती बज्यै, गोठीकाँडा लगायतका पर्यटकीय स्थललाई थारू, राजी र गुरूङ होमस्टेसँग जोडेर एकीकृत पर्यटन सर्किट निर्माण गर्न सकिने पर्याप्त सम्भावना रहेको छ । यसले पर्यटकको बसाइ अवधि बढाउनुका साथै स्थानीय आयआर्जनमा सकारात्मक योगदान पुऱ्याउनेछ ।

समुदायमा आधारित पर्यटनको अवधारणाअनुसार होमस्टेले स्थानीय समुदायलाई प्रत्यक्ष लाभ पुऱ्याउने भएकाले दिगो पर्यटन विकासको प्रभावकारी माध्यम बन्न सक्छ । यससँगै युवा तथा महिलालाई पर्यटन उद्यममा सहभागी गराई रोजगारी सिर्जना गर्न, हस्तकला, कृषि उत्पादन, स्थानीय परिकार तथा सांस्कृतिक व्यवसायको विकास गर्न सकिने अवसर पनि प्रशस्त छ । कर्णाली प्रदेश भ्रमण गर्ने अधिकांश पर्यटकको प्रवेशद्वारका रूपमा रहेको वीरेन्द्रनगरलाई प्रदेशकै नमुना होमस्टे तथा सांस्कृतिक पर्यटन गन्तव्यका रूपमा विकास गर्ने सम्भावना समेत उत्तिकै बलियो देखिन्छ ।

## ४.३ होमस्टेको समग्र विकासका लागि सुझाव

वीरेन्द्रनगर नगरपालिका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न क्षेत्र भएकाले होमस्टे पर्यटन विकासका लागि अत्यन्त अनुकूल गन्तव्यका रूपमा रहेको छ । हाल सञ्चालनमा रहेका सामुदायिक तथा निजी होमस्टेहरूले स्थानीय पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन् । तथापि, यसको दीर्घकालीन र दिगो विकासका लागि थप योजनाबद्ध, समन्वित र परिणाममुखी प्रयास आवश्यक देखिन्छ ।

वीरेन्द्रनगरका होमस्टे, पर्यटकीय स्थल, सांस्कृतिक सम्पदा र स्थानीय उत्पादनलाई एकीकृत गर्दै दीर्घकालीन होमस्टे पर्यटन विकास योजना निर्माण गर्न आवश्यक छ । काँक्रेविहार, बुलबुले, देउती बज्यै, उत्तरगंगा मन्दिर, गोठीकाँडा, सत्तकाँडा, निकासखोला, जुर्बटा डाँडा लगायतका गन्तव्यलाई विभिन्न होमस्टेसँग जोडेर पर्यटन सर्किट विकास गर्न सके पर्यटकको बसाइ अवधि बढ्नुका साथै स्थानीय आयआर्जनमा समेत वृद्धि हुनेछ ।

थारू, राजी, गुरूङ, मगर लगायतका समुदायका मौलिक संस्कृति, भाषा, परम्परा, कला, संगीत तथा नृत्यलाई होमस्टेको प्रमुख आकर्षणका रूपमा विकास गर्नुपर्छ । देउडा, झुम्रा, घाटु, सोरठी लगायतका सांस्कृतिक प्रस्तुति नियमित रूपमा सञ्चालन गरी स्थानीय पहिचानलाई पर्यटनसँग जोड्न सकिन्छ । साथै स्थानीय परिकार, कृषि उत्पादन, हस्तकला तथा घरेलु उत्पादनको प्रवर्द्धन र बजारीकरणमा विशेष ध्यान दिन आवश्यक छ । होमस्टे सञ्चालक तथा स्थानीय समुदायलाई आतिथ्यता, सरसफाइ, खाना व्यवस्थापन, पर्यटक सेवा, भाषा सीप, डिजिटल प्रवर्द्धन तथा विपद् व्यवस्थापनसम्बन्धी नियमित तालिम प्रदान गरी सेवा गुणस्तर अभिवृद्धि गर्नुपर्छ । प्रत्येक होमस्टेको डिजिटल प्रोफाइल निर्माण गरी वेबसाइट, सामाजिक सञ्जाल, पर्यटन पोर्टल तथा अनलाइन बुकिङ प्लेटफर्मसँग जोड्नुका साथै वीरेन्द्रनगरका होमस्टेका लागि साझा ब्रान्ड विकास गर्न सकिन्छ । अधिकांश निजी होमस्टेले नेपाल सरकारले लागू गरेको होमस्टे कार्यविधिले तोकेको मापदण्डको पालना नगरी सञ्चालन गरेकाले सम्बन्धित निकायले अनुगमन, नियमन गर्न जरूरी छ ।

होमस्टे क्षेत्रमा पहुँच सडक, खानेपानी, शौचालय, इन्टरनेट, संकेतचिन्ह, पार्किङ, फोहोर व्यवस्थापन तथा पर्यटक सूचना केन्द्रजस्ता आधारभूत पूर्वाधारको विकास गर्न आवश्यक छ । साथै महिला र युवालाई पर्यटन उद्यममा आकर्षित गर्न सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा सहुलियतपूर्ण कार्यक्रम सञ्चालन गरिनुपर्छ । पर्यटक आगमन, बसाइ अवधि, आयआर्जन तथा सेवा अवस्थासम्बन्धी तथ्यांक व्यवस्थापनलाई व्यवस्थित बनाउँदै पर्यटन व्यवसायी, ट्राभल एजेन्सी, होटल तथा यातायात व्यवसायीसँग सहकार्य गरी होमस्टेलाई पर्यटन प्याकेजमा समावेश गर्नुपर्ने देखिन्छ । यसका साथै वार्षिक रूपमा होमस्टे, संस्कृति, स्थानीय परिकार तथा हस्तकलामा आधारित महोत्सव आयोजना गरी व्यापक प्रचारप्रसार गर्न सकिन्छ । समग्रमा, वीरेन्द्रनगरमा होमस्टे पर्यटन विकासका लागि आवश्यक प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता, पर्यटकीय आकर्षण र समुदायको सहभागिताजस्ता आधारहरु पर्याप्त रहेका छन् । अब गुणस्तरीय सेवा, प्रभावकारी प्रचारप्रसार, पूर्वाधार विकास, सांस्कृतिक संरक्षण तथा संस्थागत व्यवस्थापनमा विशेष जोड दिन सके होमस्टे पर्यटनले स्थानीय आर्थिक समृद्धि, सांस्कृतिक संरक्षण र दिगो पर्यटन विकासमा महत्वपूर्ण योगदान पुर्‍याउनेछ । योजनाबद्ध र समन्वित प्रयासमार्फत वीरेन्द्रनगरलाई कर्णाली प्रदेशकै अग्रणी तथा नमुना होमस्टे गन्तव्यका रूपमा स्थापित गर्न सकिने प्रबल सम्भावना रहेको छ ।

## ४.४ निष्कर्ष

कर्णाली प्रदेशको प्रवेशद्वार तथा प्रदेश राजधानीका रूपमा स्थापित वीरेन्द्रनगर नगरपालिका प्राकृतिक, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले सम्पन्न क्षेत्र हो । काँक्रेविहार, बुलबुले, देउती बज्यै, उत्तरगंगा मन्दिर, गोठीकाँडा, सत्तकाँडा, निकासखोला, जुर्बटा डाँडा लगायतका पर्यटकीय गन्तव्यसँगै यहाँको बहुजातीय तथा बहुसांस्कृतिक सामाजिक संरचनाले पर्यटन विकासका लागि बलियो आधार निर्माण गरेको छ ।

यस नगरभित्र सञ्चालनमा रहेका आफर सामुदायिक होमस्टे, पातालगंगा सामुदायिक होमस्टे, कर्णाली प्रदेश थारू होमस्टे, कर्णाली प्रदेश राजी होमस्टे, थारू अर्गानिक सामुदायिक होमस्टे, कोलडाँडा होमस्टे तथा गुरूङ सामुदायिक होमस्टेले स्थानीय पर्यटन प्रवर्द्धन, सांस्कृतिक संरक्षण तथा समुदायको आर्थिक सशक्तीकरणमा महत्वपूर्ण योगदान पुर्‍याइरहेका छन् । यी होमस्टेहरूले पर्यटकलाई केवल आवास सुविधा मात्र उपलब्ध गराएका छैनन्, बरू स्थानीय समुदायको जीवनशैली, संस्कृति, परम्परा, खानपान, कला, संगीत तथा सामाजिक व्यवहारलाई प्रत्यक्ष अनुभव गर्ने अवसर प्रदान गरिरहेका छन् । विशेषगरी थारू, राजी, गुरूङ, मगर लगायतका समुदायका मौलिक संस्कृति, परम्परागत ज्ञान, स्थानीय परिकार तथा कर्णालीको मौलिक देउडा संस्कृतिलाई पर्यटनसँग जोड्ने कार्यमा होमस्टेहरूले प्रभावकारी भूमिका निर्वाह गरेका छन् । यसले एकातर्फ सांस्कृतिक सम्पदाको संरक्षणमा टेवा पुगेको छ भने अर्कोतर्फ स्थानीय समुदायमा आफ्नो पहिचानप्रति गर्व र आत्मविश्वास अभिवृद्धि भएको छ । होमस्टे पर्यटनले स्थानीय स्तरमा रोजगारी सिर्जना, महिला सशक्तीकरण, युवा उद्यमशीलता विकास तथा कृषि उत्पादनको बजारीकरणमा समेत सकारात्मक प्रभाव पारेको छ । समुदायमा आधारित पर्यटनको माध्यमबाट स्थानीय बासिन्दाले प्रत्यक्ष आर्थिक लाभ प्राप्त गरिरहेका छन् भने सामाजिक एकता, सहकार्य र सामुदायिक सहभागिता पनि सुदृढ बन्दै गएको छ ।

यद्यपि होमस्टे पर्यटनको दिगो विकासका लागि अझै केही चुनौतीहरु विद्यमान छन् । पर्याप्त प्रचारप्रसारको अभाव, पूर्वाधार विकासको आवश्यकता, गुणस्तरीय सेवा व्यवस्थापन, पर्यटक बसाइ अवधि वृद्धि तथा एकीकृत पर्यटन प्याकेज निर्माणजस्ता विषयमा थप काम गर्न आवश्यक देखिन्छ । साथै होमस्टे सञ्चालनमा एकरूपता, नियमित अनुगमन तथा क्षमता विकास कार्यक्रमलाई पनि प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ । वीरेन्द्रनगरको सांस्कृतिक विविधता, पर्यटकीय आकर्षण, सहज पहुँच र समुदायको सक्रिय सहभागितालाई प्रभावकारी रूपमा उपयोग गर्न सके होमस्टे पर्यटन स्थानीय विकासको महत्वपूर्ण आधार बन्न सक्छ । नगरभित्रका होमस्टेहरूलाई पर्यटकीय सर्किट, सांस्कृतिक कार्यक्रम, स्थानीय उत्पादन तथा डिजिटल प्रवर्द्धनसँग जोड्दै अघि बढाउन सके यसले

पर्यटन उद्योगलाई मात्र होइन, समग्र स्थानीय अर्थतन्त्रलाई समेत गतिशील बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ । यस प्रोफाइल निर्माणले वीरेन्द्रनगरका होमस्टेहरु केवल पर्यटक बस्ने स्थान नभई स्थानीय संस्कृति, प्रकृति, परम्परा र समुदायसँग परिचित गराउने जीवित सांस्कृतिक केन्द्रका रुपमा रहेको तथ्यलाई उजागर गरेको छ । तसर्थ, होमस्टे पर्यटनलाई दिगो, व्यवस्थित र गुणस्तरीय बनाउँदै लैजान सके वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशकै नमुना सामुदायिक पर्यटन गन्तव्यका रुपमा स्थापित हुने प्रबल सम्भावना रहेको छ ।

## भाग–५ : सुझाव र सिफारिस

### ५.१. वीरेन्द्रनगरका होमस्टेले सुधार गर्नुपर्ने पक्षहरू

- होमस्टे व्यवस्थापन तथा सञ्चालन कार्यविधि तथा मापदण्डको पालना गर्नु गराउनुपर्ने
- बारम्बार नियमन तथा अनुगमन हुनुपर्ने
- रैथाने कलासंस्कृति, रहनसहन, परिकार, हस्तकला, जीवनशैलीको प्रर्दशनीको कमी
- रैथाने परिकारमा जोड दिनुपर्ने
- निजी प्रकृतिका होमस्टेमा दिउँसो खाजा नास्ताको भीड लाग्ने हुँदा सुरक्षा गार्डको व्यवस्थापन गर्नुपर्ने
- अग्नि नियन्त्रक उपकरण राख्नुपर्ने
- प्राथमिक उपचार सामग्री राख्नुपर्ने
- आगन्तुकको तथ्यांक राख्नुपर्ने
- होमस्टेमा एटेज शौचालयको व्यवस्था हुनुपर्ने
- पाहुनोका स्वागत र बिदाईमा स्थानीय संस्कृति अनुसार मायाको चिनो, फूलमालाको प्रबन्ध गर्ने

### ५.२. होमस्टेको विकासका लागि सुझाव तथा सिफारिस

- होमस्टे मापदण्ड तथा कार्यविधि पालना गर्नु तथा गराउनुपर्ने
- नगरपालिकाले होमस्टे कार्यविधि निर्माण गर्नुपर्ने
- नगरपालिका लगायतका सरोकारवालाले पटकपटक नियमन तथा अनुगमन गर्नुपर्ने
- घरेलु तथा उपभोक्ता हित संरक्षण कार्यालयमा दर्ता भएकाले पुनः वडामा दर्ता गराउनुपर्ने
- नाममात्रको होमस्टेले बजारको उत्पादनलाई जोड दिने हुँदा अनुगमन प्रभावकारी हुनुपर्ने
- रैथाने कला संस्कृति, जीवनशैली, परम्परा, सीप संरक्षणमा सहयोग गर्नुपर्ने
- सामुदायिक प्रकृतिका होमस्टेका सञ्चालकहरूलाई तालिम, अवलोकन भ्रमण उद्यमशिलता एवं हस्तकलाका सामग्री निर्माणमा अनुदान दिनुपर्ने
- व्यापारिक प्रकृतिका होमस्टेले सुरक्षा गार्डको प्रबन्ध गर्नुपर्ने
- थारू, गुरूङ र आफर होमस्टेमा विस्तारको सम्भावना रहेकाले प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गर्नुपर्ने
- अग्निनियन्त्रक, प्राथमिक उपचार सामग्रीको प्रबन्ध गर्नुपर्ने
- वडा कार्यालयहरूमा हुने कतिपय कार्यक्रमहरू होमस्टे गर्ने प्रबन्ध गर्नुपर्ने
- रैथाने बाली उत्पादनमा प्रोत्साहन
- होमस्टेसम्म जाने सडक कालोपत्रे हुनुपर्ने
- राजी जातिको परिकार, जीवनशैली संरक्षण तथा प्रर्वद्धन गर्नुपर्ने
- टिनको पातामाथि घरले छाउनुपर्ने
- अनुदान पाएर स्थापना भएका होमस्टेको निरन्तर अनुगमन हुनुपर्ने
- अनुदान पाएर सञ्चालनमा आएका होमस्टेलाई अनिवार्य रूपले होमस्टे मादण्ड पालना गर्न गराउनुपर्ने
- होमस्टे विस्तारको सम्भावना भएको ठाउँमा विकासका अति आवश्यक पूर्वाधार निर्माण गर्नुपर्ने कालीमाटी, नयाँगाउँ, पातालगंगामा थारू होमस्टे र लाटीकोइलीमा नेवारी होमस्टे सञ्चालन गर्न सकिने ।
- होमस्टे विस्तारसंगै साइकिलिङ, पदमार्ग, हाइकिङको सम्भावना उजागर गर्ने
- पर्यटकीय स्थल र होमस्टेले आपसी सहकार्य गर्ने
- अग्निनियन्त्रक, सुरक्षा गार्ड, प्राथमिक उपचार सहायता सामग्रीको व्यवस्थापन गर्ने

## भाग ६ : परिशिष्ट

१. होमस्टे कार्यविधि २०६७

२. वीरेन्द्रनगर नगरपालिकाको वेबसाइट

## भाग ७ : इन्फोग्राफमा होमस्टे र जीपीएस


आफर
सामुदायिक होमस्टे
वीरेन्द्रनगर-१३, आफर, सुर्खेत
"ग्रामीण परिवेशमा शान्तिपूर्ण बसाइ,
स्थानीय संस्कृति र आतिथ्यताको आनुभूति"
मंगलगढ़ीबाट दुरी
७.३ किमी
नजिकको बजार
करैखोला
समुदाय विशेषता
दलित, क्षेत्री, जनजाति, ब्राहमण
आवास क्षमता
६४ जना
परिकार, कला संस्कृति
अर्गानिक रैथाने परिकारहरु,
टप्पा, झ्याउरे
पर्यटकीय आकषण
जुर्बटा डाँडा, सुर्खेत भ्याली,
कृषि अवलोकन
सडक पहुँच
कालोपत्रे, कच्ची


कोलडाँडा
थारु होमस्टे
वीरेन्द्रनगर-२, कोलडाँडा, सुर्खेत
थारु संस्कृति, अर्गानिक परिकार र
प्राकृतिक सौन्दर्यको अनुभव
मंगलगढीबाट दूरी
४.४ किमी
नजिकको बजार
कोलडाँडा, बांगेसिमल, मुलपानी
समुदाय विशेषता
थारु
आवास क्षमता
२४ जना
परिकार, कला संस्कृति
अर्गानिक खाना, नास्ता,
थारु कला प्रदर्शन
सडक पहुँच
कालोपत्रे, कच्ची


गुरुङ
सामुदायिक होमस्टे
वीरेन्द्रनगर-१, देउतीथान टोल, सुर्खेत
गुरुङ संस्कृति, मौलिक आतिथ्य
र प्राकृतिक सौन्दर्यको अनुपम संगम
मंगलगढीबाट दूरी
३.३ किमी
समुदाय विशेषता
गुरुङ
परिकार, कला संस्कृति
अर्गानिक खाना, नास्ता, गुरुङ कला प्रदर्शनी
नजिकको बजार
कुमाईचौक
आवास क्षमता
४० जना
सडक पहुँच
कालोपत्रे, कच्ची


कर्णाली प्रदेश
थारु होमस्टे
वीरेन्द्रनगर-१०, नयाँगाउँ, सुर्खेत
थारु संस्कृति, रैथाने परिकार र
आतिथ्यताको अनुभव
मंगलगढीबाट दूरी
४ किमी
समुदाय विशेषता
थारु
परिकार, कला संस्कृति
थारु परिकार, थारु प्रदर्शनी
नजिकको बजार
दीपनगर
आवास क्षमता
१० जना
सडक पहुँच
कालोपत्रे

# थारु अर्गानिक सामुदायिक होमस्टे

**वीरेन्द्रनगर ९ तिलपुर सुर्खेत**

थारु संस्कृति, अर्गानिक परिकार र प्राकृतिक सौन्दर्यको अनुभव




| | | |
|---|---|---|
| **मंगलगढीबाट दूरी**<br>३.९ किमी | **समुदाय विशेषता**<br>थारु | **परिकार, कला संस्कृति**<br>थारु परिकार, थारु प्रदर्शनी |
| **नजिकको बजार**<br>तिलपुर, लाटीकोइली | **आवास क्षमता**<br>३० जना | **सडक पहुँच**<br>कालोपत्रे |

# कर्णाली प्रदेश राजी होमस्टे

**वीरेन्द्रनगर-१०, दीप नगर, सुर्खेत**

शुद्ध आतिथ्य, प्राकृतिक सौन्दर्य र सांस्कृतिक संगम




| | | |
|---|---|---|
| **मंगलगढीबाट दुरी**<br>२.८ किमी | **समुदाय विशेषता**<br>राजी | **परिकार, कला संस्कृति**<br>अर्गानिक खाना, नास्ता, थारु, राजी समुदायको कला प्रदर्शनी |
| **नजिकको बजार**<br>दीपनगर | **आवास क्षमता**<br>६ जना | **सडक पहुँच**<br>कालोपत्रे |


# पातलगंगा थारु सामुदायिक होमस्टे

**वीरेन्द्रनगर ९, सुर्खेत**




| | | |
|---|---|---|
| **मंगलगढीबाट दुरी**<br>६.३ किमी | **समुदाय विशेषता**<br>थारु | **परिकार, कला संस्कृति**<br>थारु परिकार, थारु प्रदर्शनी |
| **नजिकको बजार**<br>रहरपुर चौक, नयाँगाउँ | **आवास क्षमता**<br>४८ जना | **सडक पहुँच**<br>कालोपत्रे |

# वीरेन्द्रनगर नगरपालिकामा रहेका होमस्टेहरुको अवस्थिति नक्सा




| होमस्टे नं. | होमस्टेको नाम | ठेगाना |
|---|---|---|
| १ | गुरुङ सामुदायिक होमस्टे | वीरेन्द्रनगर नगरपालिका-१ |
| २ | कोलडाँडा होमस्टे | वीरेन्द्रनगर नगरपालिका-२ |
| ३ | थारु अर्गानिक सामुदायिक होमस्टे | वीरेन्द्रनगर नगरपालिका-९ |
| ४ | पातालगङ्गा सामुदायिक थारु होमस्टे | वीरेन्द्रनगर नगरपालिका-९ |
| ५ | कर्णाली प्रदेश राजी होमस्टे | वीरेन्द्रनगर नगरपालिका-१० |
| ६ | कर्णाली प्रदेश थारु होमस्टे | वीरेन्द्रनगर नगरपालिका-१० |
| ७ | झाफर होमस्टे | वीरेन्द्रनगर नगरपालिका-१३ |